का.जि.प्र.का.द.नं. १००/०५९/६०

२४ चैत २०७८,
बिहीबार
7 April 2022,
Thursday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २०, अंक ६१ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

# भागबण्डा टुंग्याउन सकस

नेकपा माओवादी केन्द्रको प्रमुख आकांक्षा देखिएको चितवनको भरतपुर महानगरपालिकामा नेपाली कांग्रेस पनि आकांक्षी देखिएपछि दुबै पक्ष आफ्नो उम्मेदवारी रहने दाबी गर्न थालेका छन् । जसका कारण गठबन्धनका शीर्षस्थ नेतृत्वलाई भागबण्डा टुंग्याउन सकस परेको छ ।



सत्ता गठबन्धनअन्तर्गतको स्थानीय निर्वाचन तयारी तथा अनुगमन समितिको बुधबार बसेको बैठकमा सहभागी नेताहरु ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २३ चैत

स्थानीय निर्वाचनको मिति नजिकिँदै जाँदा सत्ता गबठन्धनलाई भागबण्डा टुंग्याउन मुस्किल देखिएको छ । विशेषगरी महानगरपालिका र नगरपालिकाको नेतृत्व टुंग्याउन सत्तागठबन्धनलाई सकस देखिएको हो । माओवादी केन्द्रको प्रमुख आकांक्षा देखिएको चितवनको भरतपुर महानगरपालिकामा नेपाली कांग्रेस पनि आकांक्षी देखिएपछि दुबै पक्ष आफ्नो उम्मेद्वारी रहने दाबी गर्न थालेका छन् ।

नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले भरतपुरको मेयरमा माओवादी केन्द्रकै उम्मेद्वार रहने टुंगो लागेको बताएका छन् । भूमिहीन सुकुम्बासीहरूलाई लालपुर्जा वितरण गर्न चितवन पुगेका प्रचण्डले भरतपुर महानगरको मेयरमा माओवादी केन्द्रबाटै उम्मेद्वार रहने दाबी गरेका हुन् ।

तर नेपाली कांग्रेसका नेताहरु भने भरतपुर महानगरपालिकाको नेतृत्व आफूहरुले पाउनुपर्ने बताउँछन् । 'बरु पोखरा, विराटनगर वा वीरगञ्ज लिए भयो । गठबन्धन भनेको एकअर्कामा सहयोगको आदानप्रदान हो । आलोपालो हो, अघिल्लो पटक उहाँहरूले पाउनुभयो, यो पटकको नेतृत्व हामीले पाउनुपर्छ,' नेपाली कांग्रेसका जिल्ला सभापति राजेश्वर खनालले बताए । माओवादीले कांग्रेसलाई मत हाल्दा जित्ने सम्भावना बढी हुने भएकाले भरतपुरको नेतृत्व कांग्रेसले नै पाउनुपर्ने उनको दाबी छ ।

तर नेकपा माओवादी केन्द्रका चितवन जिल्ला संयोजक रामचन्द्र अधिकारी भने जिल्लामा माओवादी केन्द्रप्रतिको आकर्षण चुलिएकोले भरतपुरको उम्मेद्वार आफ्नै पार्टीले पाउनुपर्ने बताउँछन् । 'चितवनका ७ वटै पालिकामा झण्डा फर्फराउनुपर्छ भनेर अभियान चलाइरहेका छौं । भरतपुरमा एउटा वडाबाट ४००/५०० बाहिर निस्केर नियमितरूपमा घरदैलो गरिरहेको छ । दिनहुँ जस्तो पार्टी प्रवेशको लहर छ । हाम्रो मेयरलाई पार्टी प्रवेशका लागि टीका लगाइदिन पनि फुर्सद छैन । तसर्थ, चितवनको नेतृत्व गर्न हामी सक्षम छौ,' संयोजक अधिकारीले भने । विकास र समृद्धिको सपना माओवादीले पूरा गर्नेमा चितवनका जनता विश्वस्त देखिएको उनको दाबी छ ।

चितवन महानगरपालिकामा नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्र दुबैले दाबी गरिरहेका छन् भने पोखरा महानगरपालिका नेकपा एकीकृत समाजवादीको दाबी देखिएको छ । यस्तै, बुटवल, हेटौंडा, रुपन्देही र पाल्पा लगायतका जिल्लाको नेतृत्व टुंग्याउन पनि उत्तिकै सकस परेको छ । तर, हालसम्म अर्घाखाँची, अछाम, धनकुटा, नुवाकोट, तनहुँ, चितवन, कञ्चनपुर लगायतका जिल्लाले भने निर्वाचनमा तालमेल गरेर जाने सहमतिसहित खाका तयार भइसकेको छ ।

सत्ता गठबन्धनले रामचन्द्र पौडेलको नेतृत्वमा स्थानीय तह चुनाव केन्द्रित तयारी तथा अनुगमन समिति बनाएको छ । जसमा कांग्रेसका महामन्त्री गगन थापा र सञ्चार मन्त्रीसमेत रहेका सरकारका प्रवक्ता ज्ञानेन्द्रबहादुर कार्की सदस्य छन् । यस्तै, नेकपा माओवादी केन्द्रबाट वर्षमान पुन र देवप्रसाद गुरूङ, नेकपा एकीकृत समाजवादीबाट महासचिव बेदुराम भुसाल र नेता विजय पौडेल, जसपाबाट वरिष्ठ नेता अशोक राई र मन्त्री रेणु यादव, राष्ट्रिय जनमोर्चाबाट हिमाल पुरी सदस्य छन् ।

तयारी समितिले निर्वाचन लक्षित आन्तरिक तयारी र बैठक गरेपनि स्थानीय तहको भागबण्डा मिलाउन भने सकस परेको छ । एउटा दलका मतदाताले अर्को दलको उम्मेद्वारलाई भोट नहाल्ने संकते गरेपछि शीर्षस्थ नेतालाई नेतृत्व व्यवस्थापन झनै चुनौतीपूर्ण बनेको छ । तर, स्थानीय चुनावको मिति नजिकिएको हुँदा उम्मेद्वार टुंग्याएर गाउँ जाने हतारोमा कतिपय जनप्रतिनिधि देखिएका छन् ।

# फेरि पनि गुटकै डर

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २३ चैत




संसदको सबैभन्दा ठूलो दल नेकपा एमालेले गठबन्धनविरुद्ध आगामी स्थानीय चुनावमा एक्लै लड्ने परिस्थिति निर्माण भएको छ । सत्ता साझेदार दलहरुले साझा उम्मेद्वार तय गर्ने भएपछि एमाले एक्लिएको हो । सत्ता साझेदार दलका शीर्ष नेताहरुको निर्णय अनुसार स्थानीय तहमा पनि गठबन्धनको तयारी भइरहेको छ ।

सत्ता साझेदार नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी र राष्टिय राष्ट्रिय जनमोर्चाले साझा उम्मेद्वार तय गर्ने निर्णय गरेका छन् । कतिपय स्थानीय तहमा दलको आकारको अनुपातमा भागबण्डाको लगभग सैद्धान्तिक सहमति जुटाइसकेका छन् । ठूला स्थानीय तहमा भने केन्द्रलाई नै निर्णय गर्न दिने स्थानीय नेताहरु बताउँछन् ।

सत्ता साझेदार दलहरुबीच साझा उम्मेद्वार तय गर्न समय लागिरहँदा विपक्षी एमालेले पनि उम्मेद्वार तय गर्न सकेको छैन । जबकी एमालेले चैत मसान्तभित्रै उम्मेद्वार टुंगो लगाउने निर्णय गरेको छ । चैत पहिलो साता बसेको केन्द्रीय कमिटी, पोलिटब्यूरो र स्थायी कमिटी बैठकले स्थानीय तहको उम्मेद्वार गर्न मापदण्ड समेत बनाइसकेको छ । वडाको निर्णय गाउँपालिका र नगरपालिका कमिटीले टुंग्याउने, गाउँपालिका र नगरपालिकाको जिल्ला कमिटी र महानगरपालिकाको उम्मेद्वार केन्द्रीय कमिटीले टुंग्याउने निर्णय गरेको छ ।

> पार्टी विभाजनको चोटसहित स्थानीय चुनावमा भाग लिन लागेको नेकपा एमालेभित्र फेरि पनि गुटकै पीर देखिएको छ । चैतभित्रै उम्मेदवार सिफारिस गर्न भनेपनि अधिकांश स्थानीय तहमा सहमति जुट्न सकेको छैन ।

तर एमालेले उम्मेद्वार टुंग्याउन नसक्नुको कारण भने पार्टीभित्रै एक भन्दा धेरै आकांक्षी देखिनु हो । 'पार्टी केन्द्रले निर्णय गरे जस्तो सजिलो छैन । पार्टीभित्र पनि नयाँ नयाँ समीकरण देखिएको छ । शक्ति समीकरण मिलाउन सजिलो छैन', एक नेता भन्छन् । जबकी अध्यक्ष केपी शर्मा ओलीले भने पार्टीभित्र एकमना एकता रहेको दावी गर्दै आएका छन् । पुष्पकमल दाहाल प्रचण्ड नेकपा माओवादी केन्द्रका अध्यक्ष र माधवकुमार नेपाल नेकपा एकीकृत समाजवादीका अध्यक्ष रहेकाले एमाले

– बाँकी पृष्ठ २ मा

# प्रहरीमा १६ वर्षमै पेन्सन प्रस्ताव

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ चैत

नेपाल प्रहरी र शसस्त्र प्रहरीका जवानहरुको पेन्सन अवधि १६ वर्ष बनाउने प्रस्ताव अघि बढेको छ । प्रहरी प्रधान कार्यालय, नक्सालले पठाएको प्रस्तावलाई गृह मन्त्रालयले निर्णयार्थ अघि बढाएको हो ।


गृह मन्त्रालयका अधिकारीहरुका अनुसार सर्तसहित पेन्सन अवधि १६ बर्ष बनाउने प्रस्तावित व्यवस्था छ । प्रहरी नियमावली संशोधन गरेर पेन्सन अवधि १६ वर्ष बनाउन लागिएको हो ।

मन्त्रिपरिषद्ले गत वर्ष २९ पुस २०७७ मै सैनिक सेवा नियमावली संशोधन गर्दै नेपाली सेनामा फलोअर्स तथा सिपाहीले १६ वर्ष सेवा अवधि पूरा गरेर स्वेच्छिक अवकाश लिए निवृत्तभरण पाउने व्यवस्था लागू गर्ने निर्णय गरेको थियो । तर पेन्सन पाउन २० वर्ष कुर्नुपर्ने सर्त राखिएको थियो । सेनामा यो निर्णय लागू भएपछि नेपाल प्रहरी र सशस्त्र प्रहरी बलमा पनि यो निर्णय लागू गर्न खोजिएको अधिकारीहरु बताउँछन् ।

'यो सिपाहीको मनोबलसँग जोडिएको विषय हो, पेन्सन अवधि घटाउने कुरा सकरात्मक दिशातिर अघि बढिरहेको छ' गृहमन्त्री बालकृष्ण खाँणले भनेका छन् ।

सरकारलाई आर्थिक भार बढ्ने भन्दै

– बाँकी पृष्ठ २ मा



> 'यो सिपाहीको मनोबलसँग जोडिएको विषय हो, पेन्सन अवधि घटाउने कुरा सकारात्मक दिशातिर अघि बढिरहेको छ ।'
>
> **बालकृष्ण खाँण**
> गृहमन्त्री

# मलेसियामा ५ लाख विदेशी कामदारको माग

वैदेशिक रोजगार विशेष

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ चैत



मलेसियामा करिब ५ लाख नयाँ विदेशी कामदार भर्नाका लागि रोजगारदाताबाट आवेदन परेको छ । कोरोना भाइरस संक्रमण घटेको र आर्थिक तथा सामाजिक गतिविधिमा तिव्रता आएपछि मलेसियाले कोरोना भाइरस संक्रमण देखिनु अघि जसरी नै विदेशी कामदार ल्याउन थालेको छ ।

मलेसियाका प्रधानमन्त्रीले आगामी मे महिनादेखि सबै कामदारको न्यूनतम तलब १५ सय रिँगेट हुने घोषणा गरिसकेका छन् । कतिपय बहुराष्ट्रिय कम्पनीहरूले अप्रिलदेखि नै न्यूनतम तलब १६ सय रिँगेट दिन थालेको बताएका छन् ।

फ्रि मलेसिया टुडे अनलाइनका अनुसार अप्रिल पहिलो तारेखसम्म मलेसियाको मानव संशाधन मन्त्रालयमा ४ लाख ७५ हजार ६ सय ७८ जना विदेशी कामदार भर्नाको अनुमति माग गर्दै आवेदन परेको छ ।

मानव संशाधन मन्त्री एम साराभानन्ले सबैभन्दा बढी २ लाख ९० हजार २ सय ४८ जना निर्माण क्षेत्रमा, ७७ हजार सेवा क्षेत्रमा, ५३ हजार ८ सय ५४ प्लान्टेशन क्षेत्रमा, ४३ हजार ५ सय १९ कन्स्ट्रक्सनमा, ११ हजार ३७ जना कृषि र २२ जना माइनिङ अर्थात् खानीका लागि आवेदन परेको बताएका छन् ।

मन्त्री साराभाननले परेका आवेदनहरूमाथि मन्त्रालयका अधिकारीहरूले छानविन गरिरहेको भन्दै निर्माण

– बाँकी पृष्ठ २ मा

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार विभागको

## सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त संस्था श्री **सुर्खेत ओभरसिज प्रा.लि.** (ई.प.नं. १२१९) ले आफ्नो साविकको नाम परिवर्तन गरी **शेर्मन ग्लोवल म्यानेजमेन्ट कन्सल्टेन्टस प्रा.लि. (Sherman Global Managment Consultants Pvt. Ltd.)** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि. को माग बमोजिम साविकको नाम परिवर्तन गर्दा कोहि कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानुन बमोजिम भै जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

## कुवेतमा रोजगारको अवसर

कम्पनी: CHEYA BEAUTY SALON FOR LADIES CO. शहर: Kuwait

पूर्व स्वीकृत मितिः २०७८/१२/२३ चलानी नं.: ६०१७७३४७ L.T. No.: 261260

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 3 | सम्बन्धित काममा दक्ष | 100 | ३९,५०७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Hair Asst. Technician | 0 | 11 | | 135 | ५३,३३४ | | | | | | | |
| 3. | Nail Technician | 0 | 8 | | 140 | ५५,३०९ | | | | | | | |
| 4. | Receptionist | 0 | 3 | | 130 | ५१,३५९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७९ बैशाख १ गते (14 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

स्विकृति प्रदान भई भिसा आएको ३ हप्तामा उडिसक्नु पर्नेछ।

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

DHR
Gov. lic. No. 789/065/66

Destiny Human Resource Nepal Pvt. Ltd.
G.P.O. Box: 8975 EPC 5444, Kathmandu, Nepal
Tel.: 01-5104632/01-5104634, Fax : 4111890 Email: destinykuwait3@gmail.com
Mobile No: 9847932530, 9806239807, 9869556151, 9840973280, 9843196615

मध्यान्ह
www.madhyanhadaily.com
२४ चैत २०७८, बिहीबार
7 April 2022, Thursday

# निर्वाचन केन्द्रीत समाचार सम्प्रेषण गर्न सुझाव



काठमाडौं/मस- प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले सम्पूर्ण स्रोत, साधन र जनशक्तिलाई स्थानीय तह निर्वाचनमा केन्द्रित तुल्याउन निर्देशन दिएका छन् । सरकारको स्वामित्वमा रहेका सार्वजनिक सञ्चारमाध्यमका प्रमुख र प्रतिनिधिसँगको छलफलमा उनले सिंगो मुलुक नै निर्वाचनलाई स्वतन्त्र, स्वच्छ, मितव्ययी र भयरहित तुल्याउन केन्द्रित रही अघि बढनुपर्ने आवश्यकता औंल्याए । उनले भने, 'हाम्रा सबै स्रोत, साधन र जनशक्ति निर्वाचनतर्फ केन्द्रित गरी निर्वाचनका निम्ति उपयुक्त वातावरण तयार गर्दै स्वच्छ, स्वतन्त्र, निष्पक्ष, मितव्ययी र भयरहित निर्वाचन गर्नु हामी सबैको साझा दायित्व हो ।'

निर्वाचन प्रचारप्रसारका सन्दर्भमा कुनै पनि कमीको अनुभूति नहुने गरी उत्साहजनकरूपमा काम गर्न सकिन्छ भन्ने सन्देश प्रवाह गर्न सुझाव दिँदै प्रमुख थपलियाले सञ्चारमाध्यमका प्रत्येक कार्यक्रम र गतिविधिलाई निर्वाचनसँग जोडेर लैजान सल्लाह दिए ।

सार्वजनिक सञ्चारमाध्यम आफैं स्वायत्त र स्वतन्त्र रहेकाले आ-आफ्ना स्थानीय तहका संरचनामार्फत निर्वाचनसम्बन्धी समाचार संकलन र प्रसारण गर्ने प्रभावकारी व्यवस्था मिलाउन सुझाव दिँदै उनले मितव्ययीताकाबीच कुशलता र सक्षमता देखाएर काम गर्न सक्नुपर्छ भने ।

उठेका प्रश्नको जवाफमा प्रमुख निर्वाचन आयुक्त थपलियाले स्वीकृत निर्वाचन कार्यतालिका एक दिन पनि प्रभावित नभएको मात्र नभई निर्वाचन सामग्री आउने र मतपत्र छपाइको काम सुरु भइसकेको जानकारी दिए ।

आयोगले कर्णालीसहित दुई वटा प्रदेशको मतपत्र छपाइका लागि डिजाइन गरेकामा कर्णाली प्रदेशको मतपत्र छपाइ भइसकेको जानकारी दिएको छ । सो अवसरमा राष्ट्रिय समाचार समिति (रासस), गोरखापत्र संस्थान, नेपाल टेलिभिजन र रेडियो नेपालका अध्यक्ष तथा महाप्रबन्धक र प्रतिनिधिको सहभागिता थियो ।

# गाउँपालिका अध्यक्षमाथि आक्रमण

**धादिङ/मस-** खनियाबास गाउँपालिका-३ बच्छलामा गाउँपालिका अध्यक्षमाथि आक्रमण भएको छ । नेपाली कांग्रेस वडाध्यक्षको टिकट सिफारिस गर्न छलफल भइरहेको समयमा कांग्रेसका प्रदेश क्षेत्रीय सभापतिसमेत रहनुभएका गाउँपालिका अध्यक्ष रणबहादुर तामाङमाथि आक्रमण भएको हो ।



कांग्रेसका कार्यकर्ता राजु पाख्रिनको समूहले आक्रमण गरेको अध्यक्ष तामाङले आरोप लागाए ।

पाख्रिन र अध्यक्ष तामाङबीच टिकटका विषयमा विवाद भएको बताइएको छ । घाइते तामाङको सत्यदेवी स्वास्थ्यचौकीमा उपचार गरिएको छ । आरोपित पाख्रिनलाई गए राति दार्खा प्रहरी चौकीले पक्राउ गरेको छ । घटनाबारे अनुसन्धान भइरहेको प्रहरी नायब उपरीक्षक जागेश्वर भण्डारीले बताए ।

# आर्थिक अभावले उपचार गर्न नसकेपछि सात वर्षदेखि खोरमा

भोजपुर/मस- भोजपुरमा एक परिवारले आफ्नै सन्तानलाई काठको खोरमा राखेका छन् । भोजपुरको साल्पासिछो गाउँपालिका-२ का ३३ वर्षीय डेगराज चौहानलाई विगत सात वर्षदेखि र ३७ वर्षीय डम्वर चौहानलाई दुई वर्षदेखि घरभन्दा पर बनाइएको खोरमा राख्न थालिएको हो । मानसिक सन्तुलन गुमेका उनीहरुको उपचार गर्न नसकेपछि परिवारले घरभन्दा पर बनाइएको खोरमा राख्न थालिएको छ ।



आर्थिक अभावका कारण उपचार गर्न नसकेपछि दुबै छोरालाई खोरमा राख्नुपरेको बुबा छत्रबहादुर चौहानले बताए । छोराको अवस्थाले आफूलाई विक्षिप्त बनाएको उनको भनाइ छ । छोरालाई खोरमा थुन्नुको विकल्प नभएको बताउँदै उनले भने, 'आर्थिक अवस्था कमजोर भएकाले छोरालाई पेटभरि खुवाउनसमेत नसक्ने अवस्था छ ।' अभावको पिल्सिएका चौहान परिवार यतिबेला सहयोगको अपेक्षामा छन् । 'आर्थिक अवस्था कमजोर छ । उपचार गर्ने पैसा छैन । कमाएर ल्याउने छोराहरुमा मानसिक रोग छ । उनीहरुलाई सम्हालेर राख्न नै समस्या छ । खोरमा राखेन भने अनेक उपद्रो गर्छन्,' उनले भने, 'आफ्ना छोरा हुन्, माया त लाग्छ नि तर पनि पशु झैं खोरमा राख्नु परेको अवस्था छ ।' उनीहरुलाई घरको सिकुवामा काठको खोर बनाएर राखिएको छ । छोराहरुलाई खोरमा राख्नु पर्दा आफूलाई धेरै पीडा हुने बुबा छत्रबहादुरको भनाइ छ ।

'उपचारका लागि थुप्रै अस्पताल डुलाएँ केही सीप लागेन', उनले भने, 'घरको आर्थिक अवस्था कमजोर छ । उपचारमै पैसा सकियो । अहिले छोरालाई फेर्ने कपडा समेत छैन । एउटै कपडामा महिनौ बिताउँछ ।Ú उपचारका लागि कोसिस गर्दागर्दै भएको केही सम्पत्ति पनि सकियो । अब उनीहरुलाई खोरमा थुनेर टुलुटुलु हेर्नुको विकल्प नभएको बुबा चौहानको भनाइ छ । सरोकारवाला पक्षले उपचारका लागि सहयोग गरी दिन्छन् कि भन्ने आशा छ, उनले भने । काठमाडौंमा रहेको पाटन अस्पतालमा उपचार गराएको भए पनि रकम अभाव भएपछि उनीहरुलाई घरमा ल्याएर राखेको बुबा चौहानले बताए । उनीहरुलाई नियमित रुपमा औषधि खुवाउन नसकेका कारण झनै समस्या भएको उनको भनाइ छ ।

लामो समयदेखि मानसिक रोगले भेटेपछि परिवारमा पीडा थपिएको उनले बताए । उनीहरुलाई खोरमा थुनेर नराखे परिवारका सदस्य तथा बटुवालाई नै कुटपिट गर्ने, अपशब्द बोल्ने, बाहिर कुद्ने, मानिसलाई चिथोर्ने, बरबराउनेलगायत क्रियाकलाप देखाउने गरेको बुबा चौहानले बताए । परिवारमा भएका तीन भाइ छोरामध्ये जेठो र कान्छो छोरालाई मानसिक समस्या भएको उनले बताए । माइलो छोरा भने छुट्टिएर गएकाले अहिले परिवारभन्दा बाहिर बस्दै आएको उहाँले बताए । मानसिक समस्या भएका कारण व्यक्तिगत सरसफाइ लगायतका कुरामा अरूको सहायता आवश्यक पर्ने भए पनि राज्यले अपाङ्गता परिचयपत्रसमेत नदिएको बुबा चौहानको दुःखेसो छ ।

साल्पासिलिछो गाउँपालिका उपाध्यक्ष धनमाया राईले आर्थिक अभावमा उपचारबाट वञ्चित भएका चौहान दाजुभाइको पहिचान भएकाले अब चाँडै अपाङ्गता परिचयपत्र बनाएर सरकारले प्रदान गर्दै आएको सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउने बताए । उनले भने, 'उहाँहरुको अवस्थाका बारेमा हामीलाई जानकारी भएपछि आवश्यक सहयोगमा जुटेका छौं । उनीहरुलाई राज्यबाट पाउने सुविधा दिलाउन प्रक्रिया अघि बढाएका छौं ।'

# सात जनाविरुद्ध संगठित अपराधमा छानविन गर्न म्याद थप



**किमाथाङ्का/रासस-** संखुवासभाको भोटखोला जग्गा प्रकरणका आरोपित सातजना विरुद्ध सङ्गठित अपराधमा छानविनका लागि संखुवासभा जिल्ला अदालतले १५ दिन थप गरेको छ । जग्गाधनीलाई जानकारी नै नदिई २७ रोपनी रजिस्ट्रेशन पास गर्न भोटखोला गाउँपालिका-४ का वडाध्यक्ष किन्साङ भोटे, मालपोत कार्यालयका नायब सुब्बा महेन्द्र पराजुलीसहित सातजना विरुद्ध सङ्गठित अपराधमा अनुसन्धानका लागि १५ दिन म्याद थप गरिएको अदालतका स्रेस्तादार केदार गौतमले जानकारी दिए ।

जग्गा जालसाजी गरेको आरोपमा पक्राउ परेका वडाध्यक्ष भोटे र नासु पराजुलीसहित सातजना विरुद्ध म्याद थप गरेर थप अनुसन्धान भइरहको जिल्ला प्रहरी कार्यालयका प्रमुख तथा प्रहरी नायब उपरीक्षक लालध्वज सुवेदीले बताए । यसैगरी भोटखोला-४ सुरेन्द्र तामाङ, कप्पना भोटे, डिमालाजुङ भोटे, मकालु गाउँपालिका-४ घर भाइ खाँदबारीमा लेखापढी व्यवसाय गर्ने अनिष गुरुङ र चैनपुर नगरपालिकाका पासाङ शेर्पालाई पनि सोही अपराधमा म्याद थप गराई अनुसन्धान गरिरहेको उनले जानकारी दिए । सङ्गठित अपराधअन्तर्गतको मुद्दामा ६० दिनसम्म हिरासतमा राखेर अनुसन्धान गर्न पाइने व्यवस्था छ ।

सङ्खुवासभाको भोटखोला गाउँपालिका-४ की विममाया तामाङका नामबाट जालसाजी गरी ठगी गरेको भन्दै गत फागुन २२ गते जिल्ला प्रशासन कार्यालयमा उजुरी परेको थियो । स्थानीयवासी दलबहादुर तामाङका नाममा रहेको करिब रु तीन करोड पर्ने कित्ता नं २७५ र २८० को २७ रोपनी जग्गा गत फागुन १ र २ गते वडाध्यक्ष भोटे र मालपोत कार्यालयका नासु पराजुलीको मिलेमतोमा रजिस्ट्रेशन पास गराइएको थियो । वृद्धभत्ताको कागज भन्दै औंठा छाप लगाउन लगाई तामाङको १ फागुनमा नागरिकताको प्रतिलिपिसमेत निकालिएको थियो । आफ्नो नाममा जमिन आएलगत्तै २७५ कित्ताको जग्गा पासाङ शेर्पा र २८० कित्ताको जग्गा कल्पना भोटे र डिमालाजुङ भोटेका नाममा संयुक्तरुपमा पास गरिएको विममायालाई पत्तै थिएन । कल्पनाको हकमा लेखापढी व्यवसायी अनिश गुरुङका नाममा वारेस राख्न दिइए पनि वारेसनामाको कागजपत्र नक्कली भएको प्रहरीले जानकारी दिएको छ ।

मालपोतमा जग्गा पास भइसकेपछि सुरेन्द्रले वृद्धभत्ता भन्दै विममायालाई रु २० हजार दिएको पीडितको भनाइ थियो । विममायाको नाममा जग्गा नामसारी गर्न वडाध्यक्ष भोटेले सदरमुकाममा बसेर नागरिकताको प्रतिलिपि, घरबाटो प्रमाणित, जग्गा नामसारीको सिफारिस बनाएका थिए । बिक्री भएको दुई कित्तामध्ये २७५ नंको जग्गा फागुन १६ मा पासाङबाट कविता पराजुलीका नाममा रजिस्ट्रेशन पास गरिएको थियो । प्रहरी प्रमुख सुवेदीका अनुसार उनीहरूले माथिल्लो अरुण जलविद्युत् आयोजनास्थलको मुआब्जा क्षेत्रमा पर्ने जग्गा मात्रै झुक्याएर पास गरिएको देखिएको छ । अन्य चार कित्ता भने विममायाकै नाममा सुरक्षित छ । मुआब्जाभित्र पर्ने २७ रोपनी जग्गाको केवल रु एक लाखको थैली राखेर पास गरिएको र त्यसमा पनि जग्गाधनी विममायालाई रु २० हजार मात्रै दिइएको प्रहरी अनुसन्धानले देखाएको छ । पक्राउ परेकालाई ठगी र कीर्ते मुद्दा चलाइने प्रहरीले जनाएको छ ।

उक्त जग्गा १०६३ मेगावाट क्षमताको उक्त जलविद्युत् आयोजना निर्माण क्षेत्रमा पर्छ । आयोजनाले यो क्षेत्रमा मुआब्जाबापत प्रतिरोपनी कम्तीमा रु पाँच लाख निर्धारण गरेको थियो । गाउँपालिकाको वडा नं २, ४ र ५का विभिन्न स्थानमा उक्त आयोजना निर्माणका लागि अध्ययन, जग्गा सर्भेक्षण र जग्गा प्राप्तिको काम तीव्र गतिमा बढिरहेको छ ।

**को हुन् विममाया ?**

उक्त जग्गा प्रकरणमा विममाया भनेर प्रस्तुत भएकी महिला स्वयं चिण्डीमाया तामाङ भएको पाइएको छ । गत २२ फागुनमा विममाया तामाङका नामबाट जालसाजी गरी ठगी गरेको भन्दै जिल्ला प्रशासन कार्यालयमा उजुरी गर्ने व्यक्तिको नागरिकताको प्रमाणपत्रबाहेक अन्यत्र कहीँ भेटिएको छैन । अहिलेसम्म चिण्डीमाया नै विममाया भनेर परिचित छिन् । जन्म, विवाह, मृत्युलगायत व्यक्तिगत घटना प्रमाणित गर्ने वडाध्यक्षाले दलबहादुर तामाङको उत्तराधिकारी चिण्डीमायालाई विममाया भनेर सिफारिस र प्रमाणित गर्नु रहस्यमय बनेको छ । जग्गाधनी दलबहादुर तामाङ २०५८ सालमा नै मृत्यु भइसकेको, सन्ततिका रूपमा एक मात्र छोरी चिण्डीमाया भएपनि विममायालाई उत्तराधिकारी बनाई विममायाका नाममा जग्गा नामसारी गरिएको छ थियो ।

गत फागुन १ गते विममायाका नाममा जिल्ला प्रशासन कार्यालयबाट नागरिकताको प्रमाणपत्रको प्रतिलिपि निकालियो । २ गते सोही नागरिकताको प्रमाणपत्रको प्रतिलिपिमा उल्लिखित विममायाका नाममा मालपोत कार्यालयबाट दलबहादुरका नाममा रहेको छ कित्ता जग्गा नामसारी गरियो । त्यसै दिन विममायाका नाममा नामसारी भइआएका छ कित्ता जग्गामध्ये अधिग्रहणमा परेका दुई कित्ता जग्गा कित्ता नं २८० को करिब २४ रोपनी जग्गा कल्पना र डिमालाजुङको संयुक्त नाममा र कित्ता नं २७५ का करिब तीन रोपनी जग्गा पासाङ का नाममा राजीनामा पास गरी जग्गाको रजिष्ट्रेशन गराइएको थियो । सोही गाउँपालिकाभित्र निर्माण हुन लागेको जलविद्युत् आयोजनाले अधिग्रहणमा परेका जग्गाहरूको कित्ता नम्बर र क्षेत्रफलसहितको सूचना प्रकाशन गरेपछि यो घटनाको बिजारोपण भएको थियो ।

# 'कार्ड र बुम बोकेर जे पनि गर्ने छुट पत्रकारलाई छैन'



**कर्णाली/मस-** प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले सञ्चारमाध्यमका कार्ड र बुम बोकेर जे पनि गर्ने छुट पत्रकारलाई नभएको बताएका छन् । सुर्खेतमा आयोजित प्रदेशस्तरीय पत्रकार आचारसंहिता प्रशिक्षक प्रशिक्षण तालिमको उद्घाटन गर्दै उनले आचारसंहिताको पालना गर्न पत्रकार स्वयम जिम्मेवार हुनुपर्ने बताए ।

अध्यक्ष बस्नेतले बिनाआधार जथाभावी समाचार लेख्ने, आक्षेप लगाउनेजस्ता उजुरी बढेपछि काउन्सिलले कारबाही प्रक्रिया अघि बढाएको उल्लेख गरे । 'हामी समाजको प्रतिनिधि हो, जहिले पनि परीक्षणमा हुन्छौं', उनले भने, 'हाम्रा क्रियाकलाप समाजले नियालिरहेको हुन्छ, त्यसैले आचारसंहिताको डोरीभित्र रहेर काम गर्नुपर्छ ।' प्रेस काउन्सिल नेपालले देशव्यापीरूपमा आचारसंहिता जागरण अभियान सुरु गरेको अध्यक्ष बस्नेतले बताए । पत्रकार आचारसंहिता पालनाका लागि पत्रकार महासङ्घको पनि उत्तिकै भूमिका रहेको उनको भनाइ थियो ।

प्रेस काउन्सिल नेपालका सदस्य शरद अधिकारीले पत्रकारले बुम देखाउँदा भाग्नुपर्ने अवस्था आएको भन्दै जिम्मेवार र मर्यादित पत्रकारिताको खाँचो औंल्याए । उनले प्रेस काउन्सिल नेपालले दूत भएर सरकार र पत्रकारबीच पुलको काम गरिरहेको बताए ।

नेपाल पत्रकार महासंघका पूर्व केन्द्रीय कोषाध्यक्ष सूर्यमणि गौतमले आचारसंहिता उल्लङ्घन गर्दा पत्रकारिताको विश्वसनियतामाथि प्रश्न उठेको बताए । काउन्सिलले पत्रकार आचारसंहितासम्बन्धी प्रशिक्षक प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दा जिल्लास्तरमा आचारसंहिता सिकाउने प्रशिक्षक उत्पादन हुने उहाँको विश्वास छ । पत्रकार आचारसंहिता प्रशिक्षक प्रशिक्षण कार्यक्रममा कर्णाली प्रदेशका २५ जना सहभागी छन् ।

# कङ्गोमा नेपाली शान्ति सैनिकको निधन

**काठमाडौं/मस-** संयुक्त राष्ट्रसङ्घको आह्वानमा कङ्गोमा तैनाथ 'नेप क्युआरएफ कम्पनी' शान्ति सेनाको पहिलो डफफमा कार्यरत एक नेपाली शान्ति सैनिकको निधन भएको छ ।

'अप्रेसन बाली' का क्रममा मंगलबार घाइते भएका सुर्खेतको गुर्माकोट घर भएका अनिल गुरुङको निधन भएको नेपाली सेनाका प्रवक्ता नारायण सिल्वालले जानकारी दिए । प्रमुख सेनानी निकिल कुँवरको कमाण्डमा सञ्चालन गरिएको खोजतलास कारबाहीमा विद्रोहीको अब्जेक्टिभ कब्जा गरी जमिन होल्डपछि विद्रोहीबाट भएको फायरमा मिशनमा कार्यरत शान्ति सैनिक गुरुङ घाइते भएका थिए । घाइते गुरुङलाई हेलिकप्टरमार्फत उद्धार गरी उपचारका लागि बुनियाँस्थित लेबल-२ अस्पतालमा भर्ना गरिएको थियो ।

यसैबीच संयुक्त राष्ट्रसंघका महासचिवका सहायक प्रवक्ताले एक विज्ञप्ति जारी गर्दै दिवङ्गत नेपाली सैनिकप्रति श्रद्धाञ्जलि तथा परिवारजनप्रति समवेदना प्रकट गरेको छ । शान्ति सैनिकमाथि गरिएको आक्रमणको संयुक्त राष्ट्रसङ्घले निन्दा गरेको छ ।

## क्षमायाचना

मध्यान्ह दैनिकको मिति २०७८ चैत २३ गते प्रकाशित प्रथम पृष्ठको मुख्य समाचार **'नेपालको अर्थतन्त्र संकटतर्फ'** शीर्षकमा अर्थविद्हरुको भनाइमा तस्विर भूलवस फरक पर्न गएको हुनाले यसबाट सम्बन्धित सबैमा पर्न गएको असुविधाप्रति क्षमा याचना गर्दछौं । सं.


## कुवेतमा रोजगारको अवसर

१. कम्पनी: JM GENERAL CONTRACTING COMPANY W.L.L. शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/१२/२३ चलानी नं.: ६०१७७३८५ LT. No.: 261258

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner (Indoor) | 0 | 20 | स. काममा दक्ष | 85 | ३३,५८० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | | २ वर्ष |
| 2. | Porter (Helper) | 50 | 0 | | 85 | ३३,५८० | | | | | | | |

२. कम्पनी: AL-HANA UNITED GENERAL TRADING & CONT.CO. W.L.L. शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/१२/२३ चलानी नं.: ६०१७७३८६ LT. No.: 261257

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | CLEANER (INDOOR) | 100 | 50 | स. काममा दक्ष | 95 | ३७,५३१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ वैशाख १ गते (14 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

निलकमल ह्युमन रिसोर्स प्रा. लि.

सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं नेपाल

फोन: ४११२७१३, ४११२७१४, मो.: 9818394474, 9802099411

Email: documentation@neelkamalnepal.com, Web.: neelkamalnepal.com

Gov. lic. No. 793/065/66



## गुर्भाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मेहेलकुना सुर्खेत
कर्णाली प्रदेश, नेपाल

**आशय पत्र प्रकाशित गरिएको बारे ।**

प्रकाशित मिति : २०७८/१२/२३

उपरोक्त सम्बन्धमा यस गुर्भाकोट नगरपालिका, नगरकार्यपालिका कार्यालयबाट प्रकाशित सुचना अनुसार तपशिल बमोजिमका बोलपत्र खोलिएकोमा सार्बजनिक खरिद ऐन २०६३ को दफा २५ बमोजिम कारबाहि हुदा सारभुत रुपमा प्रभावग्राही रहेका तपशिलका फर्महरु रहेकाले सोही ऐनको दफा २७ को उपदफा १ र २ बमोजिम यो आशयपत्रको सुचना प्रकाशित गरिएको छ । साथै यसमा कुनै दाबि बिरोध भएमा ७ दिन भित्रमा यस कार्यालयमा उजुरी दर्ता गर्न जानकारी गराईन्छ ।

**तपशिल**

| सि नं | ठेक्का नम्बर | योजनाको नाम | फर्मको नाम | कबोल अंक भ्याट सहित | कैफियत |
|---|---|---|---|---|---|
| 1 | NCB/GOODS/GM/02-2078/79 | Procurement of Supply and delivery of sanitory pad | Himalayan medical concern birendranagar skt | रु. 1599964.74 (अक्षरेपी रु. पन्ध्र लाख उनान्सय हजार नौ सय चौसठ्ठी रुपैया मात्र) | |

**प्रमुख प्रशासकिय अधिकृत**


## फेरि..

गुटरहित भएको ओलीले तर्क गर्दै आएका छन् । तर स्थानीय तहको निर्वाचन नआउँदै पार्टीभित्र गुटबन्दी देखिएको छ ।

स्रोतका अनुसार, एमालेभित्र अहिले चार समूह छन् । ओली निकटकै नेताहरु दुई समूहमा बाँडिएका छन् । ईश्वर पोखरेल र शंकर पोखरेलको एउटा समूह र सुवास नेम्वाङ र विष्णुप्रसाद पौडेलको अर्को समूह बनेका छन् । १० बुँदे सहमति गरेर आउनेहरुले आफ्नो भाग मागिरहेका छन् । तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (नेकपा) विभाजन हुँदा एमालेमै रहेका माओवादी केन्द्रका नेताहरुको समूह पनि अस्तित्वमा छन् ।

## प्रहरीमा...

विगतमा अर्थ मन्त्रालयले पेन्सन अवधि घटाउने प्रस्ताव अस्वीकृत गर्दै आएको थियो । तर सेनाको प्रस्ताव सर्तसहित स्वीकृत भएपछि सोही प्रावधानअनुसार प्रहरीमा पनि पेन्सन अवधि घटाउने गृहकार्य अघि बढेको हो । सुरक्षा निकायमा तल्लो दर्जाका कर्मचारीले पेन्सन अवधि पुग्ने वित्तिकै राजीनामा दिएर अन्य काम गर्ने प्रवृत्ति छ । सेना-प्रहरीमा काम गरेको अनुभवका आधारमा वैदेशिक रोजगारीमा जाँदा सुरक्षागार्डमा राम्रो अवसर पाइने भएकाले उनीहरुले अवधि पुग्ने वित्तिकै अवकाश रोज्ने गरेका छन् ।

## मलेसियामा...

तथा प्लान्टेशन क्षेत्रका लागि २ हजार ६ सय ५ जनाको एप्रुभल दिइसकेको बताए । सेवा क्षेत्रका लागि परेका आवेदनमध्ये कतिपय अपूर्ण रहेको र कतिपय तोकिएको कोटा भन्दा धेरै रहेकोले एप्रुभलको प्रक्रियामा समस्या आएको पनि उनले बताएका छन् । मलेसियामा कामदार भर्नाको अनुमति मानव संशाधन मन्त्रालयले दिने भए पनि भिसा जारी गर्ने काम गृहमन्त्रालय अन्तर्गत अध्यागमन विभागले गर्ने गरेको छ । मलेसियाले करिब दुई वर्षपछि गत फेब्रुअरी १५ तारेखदेखि विदेशी कामदार ल्याउन खुला गर्ने निर्णय गरेको थियो । उता ओमानमा भने विदेशी कामदारको संख्या घट्दै गएको बताइएको छ । कोरोना भाइरस संक्रमणको पछिल्लो दुई वर्षभित्रमा तीन लाख श्रमिकले रोजगारी गुमाएको ओमानका स्थानीय सञ्चारमाध्यमहरुले उल्लेख गरेका छन् । विदेशी कामदारको कमीले देशको आर्थिक गतिविधिमा शिथिलताको अवास्था आउन सक्ने भन्दै कतिपयले चिन्ता व्यक्त गरेका छन् ।

कोरोना भाइरस संक्रमणको पहिलो वर्ष सन् २०२१ मा ओमानमा ५८ हजार आप्रवासी कामदारले ओमान छोडेक तथ्यांक त्यससम्बन्धी काम गर्ने नेशनल सेन्टर फर स्ट्याटिक्स एण्ड इन्फरमेसनले आफ्नो प्रतिवेदनमा जनाएको छ ।

# ‘संघीयताको मूल्यांकन आवश्यक’

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ चैत



सरकारका मुख्य सचिव शंकरदास बैरागीले अब संघीयताको मूल्यांकन आवश्यक रहेको बताएका छन् ।

काठमाडौंस्थित तराई विकाश तथा सञ्चार केन्द्रले आयोजना गरेको ‘सुशासन प्रत्याभूतका निम्ति सूचना प्रविधिको प्रयोग र यसका चूनौती’ विषयक अन्तर्क्रिया तथा ‘संघीयतामा नेपालको सार्वजनिक विषयक’ पुस्तक लोकापर्ण कार्यक्रममा उनले सो कुरा बताएका हुन् ।

कार्यक्रममा बोल्दै उनले संघीयता नेपालको लागि नयाँ विषय भएको तर अहिले संघीयताको उपलब्धी बारे मूल्यांकन गर्न अत्यन्त आवश्यक रहेको बताए ।

सूचना प्रविधिको बारेमा बोल्दै अहिले सूचना प्रविधिको युग भएको हुँदा प्रविधिमैत्री प्रशासनमा जोड दिँदै साइवर सुरक्षामा समेत विशेष जोड दिन उनले आग्रह गरे ।

साथै उनले सरकारले आउँदो बैशाखबाटै एकीकृत सूचना प्रणाली सञ्चालनमा ल्याउने समेत जानकारी दिए ।

उनले विश्व जगतसँग नेपालमा प्रयोगमा रहेको सूचना प्रविधिको तुलना गर्दा स्थिति लज्जास्पद रहेको स्वीकार गरे । मुख्य सचिव बैरागीले हाल नेपाल प्रविधितर्फ उन्मुख रहेको बताउँदै क्यासलेस, फेसलेस र पेपरलेस प्रविधि नेपालको भविष्य रहेको उल्लेख गरे ।

सचिव बैरागीले आर्थिक रुपान्तरणमा जोड दिँदै आर्थिक समृद्धि बिना नेपालीले इज्जत प्राप्त गर्न नसक्ने बताए । पुस्तकको बारेमा बोल्दै मुख्य सचिव बैरागीले पुस्तकमा निकै अब्बल र अग्रज प्रशासकले लेखेको सामग्री समावेश भएको हुँदा पठनिय रहेको बताए ।

कार्यक्रममा प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलियाले पुस्तक प्रकाशन तथा सम्प्रेषण गरेकोमा प्रकाशकलाई धन्यवाद दिँदै प्रकाशन निरन्तरताको अपेक्षा रहेको बताए । उनले ताप्लेजुङका शिक्षकको सरुवा तथा नियुक्ती काठमाडौं हुने व्यवस्था संघीयता नभएको बताए ।

कार्यक्रममा रक्षा सचिव किरणराज शर्माले पुस्तकमाथि समिक्षा गर्दै व्यक्तिगत रुपमा भएपनि सम्पादक गोविन्दप्रसाद चौलागाईंले पुस्तक बिक्रिको ३० प्रतिशत विपन्न विद्यार्थीका लागि छुट्टयाउने कार्य उत्कृष्ट उदाहरण रहेको उल्लेख गरे ।

कार्यक्रममा लोकसेवा आयोगका पूर्व अध्यक्ष उमेश मैनालीले संघीयता राज्यशक्ति बाँडफाँडको विशेष व्यवस्था भएको हुँदा यो सफल बनाउन यसको संवाहक शक्तिहरु समेत बफादार हुनुपर्नेमा जोड दिए ।

कार्यक्रममा प्रमुख महालेखा परीक्षक टंकमणी शर्माले सम्पूर्ण प्रशासकलाई लेख रचनातर्फ अग्रसर भएको देख्दा खुसी लागेको बताउँदै निरन्तरताको शुभकामना दिए । पुस्तक प्रकाशकप्रति यस्ता कृति प्रकाशनमा निरन्तरता रहने अपेक्षासहित शुभकामना दिए ।

कार्यक्रममा बोल्दै पूर्वमुख्य सचिव विमल कोईरालाले समय अन्तरालमा प्रशासन क्षेत्र निकै फितलो भएको उल्लेख गरे । उनले व्यवस्था परिर्वतन हुँदा कार्यालयको बोर्ड मात्र परिर्वतन भएको तर अरु केहि परिर्वतन हुन नसकेको बिडम्बना आफुले भोगेको बताए ।

उनले संघीय संरचना राजनीतिक मुद्दामा मात्र सिमित हुँदा अन्य प्रशासन तथा व्यवस्था परिर्वतन हुन नसकेको बताए ।

कार्यक्रममा बोल्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता श्याम भण्डारीले आयोगले प्रविधिको प्रयोगमार्फत विभिन्न ५ वटा कार्य गर्दै आएको उल्लेख गरे । उनले आयोगले प्रविधिको प्रयोगमार्फत उजुरी लिने कार्य, उजुरी छानविनको कार्य, सूचना सम्प्रेषणको कार्य, जिपिएसको प्रयोग, कार्यालय व्यवस्थापन ई-हाजिर मिटिङ्ग लगायतका कार्य गर्दै आएको उल्लेख गरे ।

कार्यक्रममा दुरसञ्चार प्राधिकरणका बोर्ड सदस्य चन्द्र मणी चौलागाईंले सूचना प्रविधिको प्रयोगबाट सुशासनसहित आर्थिक उपार्जन समेत हुने तथ्यको उजागर गरे । प्राधिकरणले हाल जेष्ठ नागरिकको लागि डिजिटल शिक्षाको कार्य समेत शुभारम्भ गरेको उनले बताए ।

कार्यक्रममा सूचना प्रविधि र सुशासनबारे विधान शर्माले आफ्नो धारणा राखेका थिए । उनले सूचना प्रविधिको प्रयोग विस्तार भन्नाले उपकरण भन्दा पनी सेवा दिने प्रक्रियाको परिर्वतन भएको उल्लेख गरे ।

कार्यक्रममा पुस्तकका सम्पादक गोविन्द चौलागाईंले उक्त पुस्तकलाई पूरा गर्न कोभिड जस्तो विषम् समयमा समेत आफ्नो कार्यसँगसँगै लेख लेखेर सहयोग गर्ने सम्पूर्ण लेखकलाई धन्यवाद व्यक्त गर्दै आभार प्रकट गरे ।

कार्यक्रममा महामारीमा आफ्नो तोकिएको जिम्मेवारी पूरा गर्दै त्यसको अलवा काठमाडौं, ललितपुर, भक्तपुर र रौतहटका धेरै पीडितहरुलाई सहयोग अभियानमा जोडिएका सरकारका सह-सचिव प्रकाश पौडेल, सह-सचिव केदारनाथ शर्मा, सह-सचिव पार्वती शर्मा काफ्ले तथा पूर्व सचिव जनकराज दाहाललाई मुख्य सचिव शंकरदास बैरागी, प्रमुख निर्वाचन आयुक्त दिनेश कुमार थपलिया, प्रमुख महालेखा परीक्षक टंकमणि शर्मा, पूर्व लोकसेवा अध्यक्ष उमेश मैनाली, पूर्व मुख्यसचिव विमल कोईरालाले संयुक्त रुपमा प्रशंसापत्रसहित धन्यवाद ज्ञापन गरेका थिए ।

# लागूऔषध नियन्त्रण गर्ने राष्ट्रिय गुरूयोजना

**काठमाडौं/मस–** सरकारले लागूऔषध (नियन्त्रण) ऐन २०३३ प्रतिस्थापन गर्ने गरी ‘लागूऔषध रोकथाम तथा नियन्त्रण राष्ट्रिय गुरुयोजना’ निर्माण गरेको छ ।




बढ्दो लागूऔषध दुरुपयोग र अवैध ओसारपसारका कारण विश्वव्यापी रुपमै आपराधिक क्रियाकलामा वृद्धि भएको र युवा जनशक्ति कुलतमा फसेर त्यसै खेर जाने अवस्था भएकाले त्यसलाई रोक्न र सामाजमा सचेतना जागृत गराउने गरी पञ्चवर्षीय गुरुयोजना निर्माण गरिएको हो ।

गृह मन्त्रालयले तयार पारेको उक्त गुरुयोजना आउँदो वर्षदेखि नै लागू हुनेछ । गुरुयोजनाले मुख्यगरी लागूऔषध प्रयोगबाट हुने संक्रमण जोखिम न्यूनीकरण, प्रयोगकर्ताको भरपर्दो उपचार र पुनःस्थापना, अवैध ओसारपसार नियन्त्रण तथा अपराध न्यूनीकरणका लागि सहकार्य र साझेदारी गर्ने उद्देश्य लिएको छ ।

गृहसचिव टेकनारायण पाण्डे लागूऔषधको प्रयोग गर्दा भविष्यमा के असर गर्छ भन्ने कुराको ज्ञान नभएका व्यक्तिलाई प्रयोग गरेर कारोबारीले उद्देश्य पूरा गरिरहेकाले त्यसलाई लक्षित गरेर गुरुयोजना तयार पारिएको बताउनुहुन्छ । विसं २०७८ देखि २०८४ सम्म गरिने क्रियाकलाप समेटेर गुरुयोजना तयार पारिएको छ । उनले भने, ‘लागूऔषध प्रयोगको अवस्था बढ्दो छ, यसले आपराधिक गतिविधि बढाइरहेको छ, सीमा चोरी/तस्करी भइरहेको, युवा जनशक्तिको सिर्जनशीलता ध्वस्त पारेको छ । गुरुयोजना त्यस्ता गतिविधि रोकथाम गर्दै सभ्य समाज निर्माण गरी, मुलुकका युवालाई बचाउनका लागि हो ।’

उनका अनुसार क्रमशः आवश्यताका आधारमा संविधानले दिएको परिधिभित्र रहेर कानुन तर्जुमा पनि गरिने छ ।

नेपालको पछिल्लो तथ्यांकलाई हेर्ने हो भने पनि लागुऔषध प्रयोगको अवस्था गम्भीर चुनौतीपूर्ण छ । प्राप्त विवरणअनुसार नेपालमा एक लाख ३० हजार प्रयोगकर्ता रहेकामा आठ हजार ३७२ महिला छन् । वार्षिक रुपमा ५.०६ प्रतिशतले प्रयोगकर्ता बढिरहेका छन् । कारागारमा रहेको कैदीबन्दीको अवस्था हेर्दा २१ प्रतिशत लागूऔषध कारोबारमा संलग्न भएका पाइएको छ ।

उक्त तथ्यांकको न्यूनीकरणका लागि पनि गुरुयोजना आवश्यक देखिएको गृह मन्त्रालयका प्रवक्ता फणीन्द्रमणि पोखरेलले बताए ।

गुरुयोजनाको कार्यनीतिमा नै लागूऔषध (नियन्त्रण) ऐन २०३३ लाई प्रतिस्थापन गर्दै उपचार तथा पुनःस्थापना केन्द्रसम्बन्धी प्रोटोकल र मापदण्ड तयार पार्ने, पाठ्यक्रममा लागूऔषधका विषय समावेश गर्ने, लागूऔषध नियन्त्रण विभाग स्थापना गर्ने, लागूऔषध विश्लेषणसम्बन्धी सफ्टवेरको विकास गर्ने रहेको छ ।

यसले केही हदसम्म सरकारको लक्ष्य पूरा हुने अपेक्षा गरिएको गृह मन्त्रालयका उपसचिव गोकर्णप्रसाद उपाध्यायको भनाइ छ । विसं २०३३ मा बनेको ऐन पुरानो भएको र यसले प्रयोगकर्तालाई अपराधी घोषित गरेको भनी यससँग काम गर्दै आएका सामाजिक संस्थाले संशोधनको माग गर्दै आएका थिए । उनीहरुले यसलाई रोगका रुपमा लिनुपर्नेमा जोड दिएका थिए । कतिपय सजायको सवालमा समेत समयसापेक्ष सम्बोधन हुन नसकेको प्रहरी अधिकारीहरुको गुनासो रहँदै आएको थियो । त्यसैले ऐन संशोधनको टड्कारो आवश्यकता महसुस गरिएका बेला गृह मन्त्रालयले उक्त ऐन प्रतिस्थापन गर्ने गरी गुरुयोजना तयार पारेको छ ।

कानुन संशोधन तथा मापदण्ड बनाउनेदेखि अन्य सचेतनामूलक कार्यक्रम पनि सँगसँगै सञ्चालन हुनेछ । गुरुयोजनाका विषय आगामी बजेटबाटै समावेश गर्ने गरी मन्त्रालयले तयारीसमेत थालेको छ । यसभित्र तीनै तहको सरकार, गैरसरकारी संस्था सामाजिक संस्था, निजी क्षेत्र, पत्रकार, नागरिक समाजलगायत सरोकारवाला क्षेत्रमार्फत एकीकृत कार्यक्रमको रुपरेखा तयार पारिएको छ । कसले के काम गर्ने भन्ने कुरासमेत तोकिएको छ ।

गुरुयोजना कार्यान्वयनका लागि गृहमन्त्रालयका सचिवको अध्यक्षतामा रहेको कार्यकारी समितिको प्रत्यक्ष निर्देशन तथा प्रचलित कानुनका आधारमा मन्त्रालयको लागूऔषध नियन्त्रण शाखा, नेपाल प्रहरी र सशस्त्र प्रहरी, प्रदेश र स्थानीय तह, निजी क्षेत्र, गैरसरकारी संस्था नागरिक समाज तथा सञ्चारमाध्यामका प्रतिनिधिसमेतको सहभागितामा गुरुयोजना कार्यान्वयन संयन्त्र हुनेछ ।

# दैलेखमा मतदान केन्द्रहरूको स्थलगत अनुगमन



**यामराज बिष्ट/मध्यान्ह**
दैलेख, २३ चैत

आगामी बैशाख ३० गते हुने स्थानीय तहको निर्वाचन लागि दैलेखमा तयारी तीव्र पारिएको छ। जिल्ला सुरक्षा समितिले दैलेखका ११ स्थानीय तहमा निर्वाचन सुरक्षा रणनीति बनाउन अनुगमन गरेको हो ।

जिल्लामा रहेका चामुण्डा बिन्द्रासैनिक नगरपालिका, मतदान केन्द्रहरूको स्थलगत अनुगमन र अवलोकन गरिएको प्रमुख जिल्ला अधिकारी हरि प्याकुरेलले जानकारी दिए । अनुगमन टोलीमा प्रमुख जिल्ला अधिकारी प्याकुरेल, सदस्यहरु सेनानी दिनेश लामा, प्रहरी नायव उपरीक्षक भुवनेश्वर प्रसाद साह, प्रमुख अनुसन्धान अधिकृत दिलबहादुर चौधरी, पत्रकारलगायत सहभागि थिए ।

आगामी बैशाखमा हुने स्थानीय निर्वाचनमा मतदान स्थलहरुको स्थलगत अवलोकन एवं निरीक्षण गरी निर्वाचनलाई भयरहित तथा सौहार्दपूर्ण वातावरणमा सम्पन्न गर्ने लक्ष्य राखिएको प्रमुख जिल्ला अधिकारी प्याकुरेलले बताए । दैलेखका ११ स्थानीय तहका विभिन्न ठाउँमा अनुगमन गर्ने क्रम जारी छ । मतदान केन्द्रहरूको अनुगमनको क्रममा मतदान स्थलको भौतिक अवस्था, बाटो, शौचालयलगायतको बारेमा जानकारी लिएको र अन्य बाँकी ठाउँमा पनि अनुगमन गर्दै जाने प्रजिअ प्याकुरेलले बताए ।

# आचारसंहिता अगावै नगरप्रमुखद्वारा सरकारी गाडी फिर्ता

**अजय मिश्र/मध्यान्ह**
कपिलवस्तु, २३ चैत

कृष्णनगर नगरपालिकाका नगरप्रमुखले निर्वाचन अचारसंहिता लाग्नुभन्दा अगावै आफूले चढ्ने गाडी फिर्ता गरका छन् । स्थानीय निर्वाचन २०७४ मा देशभरका स्वतन्त्र उम्मेदवारमध्ये सबैभन्दा



बढी फरक मतान्तरले जीत हासिल गरेका कृष्णनगर नगरपालिकाका नगरप्रमुख रजत प्रताप शाहले आफू चढ्ने पालिकाको गाडी हस्तान्तरण गरिसकेको बताए ।

निर्वाचन आचारसंहिता लाग्नुभन्दा पहिलै नै नगरपालिकाको गाडीको साँचो प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र ढकाललाई सुम्पिएको नगरप्रमुख शाहले जानकारी दिए । आइतबार कार्यालय समयमा नगरपालिका पुगेर सेतो प्लेटको स्कारपियो गाडीलाई नगरपालिका तथा अन्य सरकारी कामकाजका लागि फिर्ता गरिएको छ । अन्य एउटा गाडी उपमेयर सबनम खातुनले चढ्ने पनि छिट्टै फिर्ता हुने योजना शाखा प्रमुख साकिर अहमद शाहले जानकारी गराए । स्थानीय निर्वाचन २०७८ को आचार संहिता लागेसँगै जनप्रतिनिधिहरुले लिने सेवासुविधामा रोक लाग्ने भएकाले जिल्लामै पहिलो स्थानीय तहका जनप्रतिनिधिले गाडी फिर्ता गरेका हुन् ।

## सुदूरपश्चिम प्रदेश

# कार्यान्वयनमा नआउँदै कानून संशोधन

**सुदूरपश्चिम/मस–** सुदूरपश्चिम प्रदेशसभाका सदस्यले बनेका कानून प्रयोगमा नआउँदै छिटोछिटो संशोधन गर्नुपर्ने अवस्था आउँदा सरकार र संसदीय समितिको क्षमता माथि नै प्रश्न उठेको बताएका छन् ।




प्रदेशसभाको बुधबारको बैठकमा ‘सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्ड ऐन २०७७ लाई संशोधन गर्न बनेको विधेयक’ माथि भएको दफावार छलफलमा भाग लिने सदस्यले छिटोछिटो कानून संशोधनमा जाँदा सरकारको क्षमतामाथि नै प्रश्न उठेकाले विज्ञको सल्लाहका साथै गहनरूपमा अध्ययन गरेर मात्र विधेयकको मस्यौदा बनाउन सुझाव दिएका हुन् ।

छलफलमा भाग लिँदै प्रदेशसभा सदस्य एवं विधायन तथा प्रदेश मामिला समितिका सभापति नेपालु चौधरीले गएको चार वर्षको अवधिमा धेरै ऐन संशोधन गर्नुपर्ने अवस्था किन आयो भनी प्रश्न गरे ।

अर्का सदस्य श्यामलाल रानाथारुले प्रयोगमा नआइकनै छिटोछिटो कानून संशोधनमा जाँदा संसद्को कार्यक्षमता माथि नै प्रश्न उठ्न थालेको बताए । दफावार छलफलमा अमरबहादुर साउद र अक्कलबहादुर रावलले पनि भाग लिएका थिए ।

भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनितादेवि चौधरीले छलफलमा उठेका प्रश्नको जवाफ दिँदै सरकारले आवश्यकताअनुसार विधेयक ल्याउने भएकाले कानून निर्माणमा विधायकको ठूलो भूमिका हुने बताए ।

बैठकले सुदूरपश्चिम प्रदेश दुग्ध विकास बोर्ड ऐन २०७७ लाई संशोधन गर्न बनेको विधेयकलाई सर्वसम्मतिले पारित गरेको छ ।

बैठकमा आन्तरिक मामिला तथा कानूनमन्त्री पूर्णा जोशीले सुदूरपश्चिम प्रदेशको मुख्य न्यायाधिवक्ताको कार्यालयद्वार प्रकाशित वार्षिक प्रतिवेदन र प्रदेश लोकसेवा आयोगको प्रथम वार्षिक प्रतिवेदन छुट्टाछुट्टैरूपमा सभामा टेबुल गरेका थिए ।

दुवै प्रतिवेदन छलफलका लागि प्रदेशसभाको विधायन तथा प्रदेश मामिला समितिमा पठाइने जनाइएको छ । पर्याप्त काम (विजनेश) नहुँदा प्रदेशसभाको हिउँदे अधिवेशनअन्तर्गतका नियमित बैठक स्थगित हुने गरेका छन् । विजनेश नभएकै कारण यही चैत १३ गते सुरु भएको हिउँदे अधिवेशनको नियमित बैठक यो अवधिमा तीन पटक सूचना टाँस गरी स्थगित गरिएको थियो ।

प्रदेशसभाले काम थालेको चार पूरा भएर पाँचौं वर्ष लाग्दा ५६ वटा कानून बनाइसकेको छ । प्रदेशसभा सचिवालयका अनुसार यो अवधिमा सुदूरपश्चिम प्रदेश खेलकुद ऐन, सुदूरपश्चिम प्रदेशको आर्थिक ऐन र कार्यविधि, स्थानीय तहका पदाधिकारी तथा सदस्यको सेवा सुविधासम्बन्धी ऐन, लोकसेवा आयोगलगायत झण्डै आठ वटा ऐन कानूनको संशोधन भइसकेको छ । लोकसेवा आयोग ऐन तेस्रो पटक संशोधन भइसकेको छ । बनेका कतिपय ऐनको प्रभावकारी कार्यान्वयन नभइरहेको प्रदेशसभाका सदस्यले बैठकमा उठाउने गरेका पनि छन् ।

# कृषि क्षेत्रको समस्या समाधानको उपाय खोजिँदै


**काठमाडौं/मस–** कृषि क्षेत्रमा देखिएका विद्यमान समस्या समाधानका उपाय पहिल्याउने उद्देश्यले कृषि तथा पशुपक्षी विकास मन्त्रालयको प्राविधिक सहयोग तथा साल्ट ट्रेडिङ कर्पोरेशन तथा इन्डियन पोटास लिमिटेडको संयुक्त आयोजनामा बुधबारदेखि राजधानीमा बृहत् गोष्ठीको शुरु भएको छ ।

गोष्ठीमा कृषिमा आधारभूत कृषि सामग्री जस्तै सिँचाइ, मल, उन्नत बीउलगायतको अवस्थाको विश्लेषण गरी समस्या समाधानका सम्भावनाका बारेमा छलफल हुने कर्पोरेशनले जनाएको छ ।

अधिकांश नेपाली कृषिमा आधारित रहेका छन् । एक तथ्याङ्कअनुसार नेपालका ६० प्रतिशत बढी जनता कृषिमा संलग्न छन् । कृषिमा अत्यधिक जनशक्ति आधारित हुँदाहुँदै पनि उल्लेख्य मात्रामा कृषि उपजको आयात हुँदै गएको छ । आयात बढ्नुका साथै निर्यात घट्दै जाँदा मुलुकको व्यापार घाटा ह्वात्तै बढेको छ ।

कृषि विकासका आधारभूत आवश्यकताका रूपमा रहेका कृषि सामग्रीको आपूर्ति तथा उपलब्धता न्यून हुनाका साथै भरपर्दो पनि छैन । जसका कारण आवधिक योजनाले कृषिका लागि निर्दिष्ट गरेका लक्ष्य तथा आशातितरूपमा कृषिको विकास हुन सकेको छैन । कृषिमा भइरहेको ठूलो लगानीले उचित प्रतिफल दिन नसकिरहेको अवस्थामा आयोजना गरिएको गोष्ठीमा कृषि सामग्रीहरुको आपूर्ति, कृषिको यान्त्रिकीकरण र कृषि अनुदान विधिका बारेमा विस्तृतमा समीक्षा हुने कर्पोरेशनका नायब प्रमुख कार्यकारी अधिकृत कुमार राजभण्डारीले जानकारी दिए ।

# गोली प्रहारबाट भारतीय नागरिकको मृत्यु



**सर्लाही/मस–** सर्लाहीको मलङ्वा नगरपालिका-८ मा अज्ञात समूहको गोली प्रहारबाट बुधबार एक जनाको मृत्यु भएको छ। साँझ अज्ञात समूहको गोली प्रहारबाट छिमेकी देश भारतको सोनबर्साका इनदल महतोको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

बुधबार साँझ करिब ६:५० बजे अज्ञात समूहको गोली लागेका उनको उपचारका लागि अस्पताल लैजाँदै गर्दा बाटैमा ज्यान गएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक माधवप्रसाद बुढाथोकीले जानकारी दिए । गोली प्रहार कसले र किन गरेको भन्ने विषयमा अनुसन्धान सुरु भएको र फरार रहेको समूहको खोजीकार्य जारी रहेको प्रहरीले जनाएको छ ।



मध्यान्ह
www.madhyanhadaily.com
२४ चैत २०७८, बिहीबार
7 April 2022, Thursday

सम्पादकीय

## नयाँ व्यवस्था पुरानै शैली

देशभर चुनावी सभा शुरू भइसकेको छ । सरकारले ३० वैशाखमा घोषणा गरेको स्थानीय तहको चुनावका लागि आगामी ११ र १२ वैशाखमा मनोनयन दर्ताको समय तोकिएको छ । स्थानीय तहको निर्वाचन भएकाले पनि चुनावी चहलपहल गाउँघर र दुरदराजका चौतारासम्म सहज रूपमा फैलिएको छ । आँगनको सरकार मानिने स्थानीय तहको चुनावमा लाख भन्दा बढीको उम्मेद्वारी पर्नेछ । प्रमुख दलहरू मध्ये कुनै एउटा दलले मात्रै ३८ हजार बढीलाई यो चुनावमा उम्मेद्वार बनाउनेछन् । यसपटक उम्मेद्वार संख्या घट्न सक्ने सम्भावना छ । किनभने सत्ता साझेदार दलहरूले साझा उम्मेद्वार तय गर्ने निर्णय गरिसकेका छन् । प्रमुख विपक्षी दल एमालेले भने लगभग एकल रूपमा उम्मेद्वारी दिनेछन् । यदि सत्ता साझेदार पाँच दलले साझा उम्मेद्वार तय गर्न सके भने पनि एक लाख भन्दा बढी उम्मेद्वार चुनावी मैदानमा उत्रनेछन् ।


साना तथा प्रादेशिक दलहरूको उम्मेद्वार सबै ठाउँमा नहुने भएकाले राज्यको प्रशासनिक संरचना संख्याको हिसाबमा अहिले नै एकिन उम्मेद्वार संख्या भन्न सकिन्न । तर लाख भन्दा बढी उम्मेद्वार हुने निश्चित छ । तसर्थ पनि स्थानीय चुनावले देश तातेको छ । प्रमुख दलहरूको आमसभा प्रदेश, जिल्ला र स्थानीय तह स्तरमै हुन थालेको छ । तर यसपटक पनि चुनावी शैली भने पुरानै छ । चुनावी प्रतिशपर्धामा दल र उम्मेद्वारले आफ्नो प्रचार गर्न स्वभाविक छ । तर प्रचारमा यसपटक पनि भित्तेलेखन, पर्चा पम्लेट देखि झण्डाको प्रयोग ब्यापक हुने प्रष्ट संकेत देखिन थालेको छ । दलहरूको सभाबाटै त्यो पुष्टि हुन्छ ।

जबकी मुलुकको संरचना मात्रै बदलिएको छैन, नागरिकको जीवन पद्दति समेत बदलिएको छ । अहिले कुनै उम्मेद्वारको प्रचार हेर्न भौतिक उपस्थिति जरूरी छैन । झण्डै ९० प्रतिशत बढी नागरिकमा इन्टरनेटको पहुँज छ । यसको अर्थ इन्टरनेटको माध्यमबाट सूचना पाउने प्रवृत्ति प्रमुख बनिसकेको छ । सामाजिक सञ्जाल त्यसका लागि भरपर्दो माध्यम बनिसकेको छ । तर उम्मेद्वारहरूले भने पर्यावरणीय तथा आर्थिक रूपमा समेत ठूलो असर पार्ने शैली नै अपनाइरहेका छन् । भित्तेलेखन, पर्चाको व्यापक प्रयोग र झण्डा निर्माण गर्दा ठूलो रकम विदेशिने मात्रै नभएर त्यसले पर्यावरणमा समेत असर परिरहेको छ । अर्कातिर प्रचारको असर समेत सामाजिक सञ्जाल जस्तो ब्यापक हुन सक्दैन । यी तथ्यले भन्न सकिन्छ– व्यवस्था, समाज र जीवनपद्दति बदलिसकेपनि हाम्रा दल र उम्मेद्वारहरूको शैली भने बदलिन सकेको छैन । आफूलाई समयानुकुल बनाउन सकेका छैनन् ।

# नीति र नेतृत्व

*सही नीतिले गलत नेतृत्वलाई बदल्नेभन्दा पनि गलत नेतृत्वले सही नीतिलाई नै तुलनात्मक रूपले बढी बदलिदिएका छन् । सोभियत रूसलगायतका कयौँ देशहरूमा भएका प्रतिक्रान्तिका घटनाहरूले यो कुरा बारम्बार सिद्ध गरिरहेका छन् । त्यसैले हाम्रो जोड सही नीति र सही नेतृत्वमा नै हुनु पर्दछ ।*

अग्रलेख



● नारायण शर्मा

नीति शब्दको व्युत्पत्ति न र ईति वा नि र इति मिलेर भएको हो भन्नसकिन्छ । यसको अर्थ 'अन्त्य न भएको' अर्थात् अन्त्यहीन भन्ने हुन्छ । अन्त्य नभएको भन्नुको मतलब यसको मूल्य, मान्यता र महिमा कहिले कम वा समाप्त न हुने भन्ने हुन्छ । यसरी नीति एक सार्वभौम, सार्वजनिन र सार्वकालिक अवधारणा हो भन्न सकिने देखिन्छ । जेहोस्, मानव जीवन र जगतको लागि नीतिको मर्म र महत्व अनि आवश्यकता र उपादेयता के कति र कस्तो छ वा हुन्छ भन्ने कुरा प्राचीन पूर्वीय दर्शन, सिद्धान्त र शास्त्र-ग्रन्थहरुका साथै परम्परा र प्रचलन अनि संस्कार र संस्कृतिहरुबाट पनि स्पष्ट छ ।

यसरी नै नेतृत्व भन्नाले पनि नीतिको सिर्जन, अवलम्बन र कार्यान्वयन गर्ने नेता र उसमा रहेको यसप्रकारको क्षमता भन्ने बुझिन्छ । नीति र नेतृत्वको बिचमा अन्योन्याश्रित परिपूरक वा द्वन्द्वात्मक सम्बन्ध हुन्छ । नीतिको अभावमा कुनै पनि व्यक्ति नेता बन्न नै सक्दैन । यसरी नै कुनै एक गलत भएमा त्यसले सही नीति वा सही नेतालाई नै खाइदिने दुर्भाग्यसमेत हुन्छ । यद्यपि, कतिपय तर्कवादी, कानुनी मार्क्सवादी र अवसरवादी बुद्धिजीवीहरुले अनि जड र एकांकी द्वन्द्ववादीहरुले सही नीति भएमा गलत नेतृत्वलाई रुपान्तरण वा परिवर्तन गर्न सकिने हुनाले निरपेक्ष रुपमा सही नीतिको पक्षपोषण गर्दछन् । तर, हाम्रा अनुभवहरुले के देखाएका छन् भने सही नीतिले गलत नेतृत्वलाई बदल्नेभन्दा पनि गलत नेतृत्वले सही नीतिलाई नै तुलनात्मक रुपले बढी बदलिदिएका छन् । सोभियत रूसलगायतका कयौँ देशहरुमा भएका प्रतिक्रान्तिका घटनाहरुले यो कुरा बारम्बार सिद्ध गरिरहेका छन् । त्यसैले हाम्रो जोड सही नीति र सही नेतृत्वमा नै हुनु पर्दछ । यही नै सही क्रान्तिकारी सोँच, सिद्धान्त र शैली हो ।



आज विश्वका थुप्रै पार्टी, समाज र राज्यहरुमा नीति र नेतृत्वबारेको स्पष्ट र, सही र क्रान्तिकारी अवधारणाको धेरै नै आवश्यकता र महत्व हुने गरेको छ । तथापि यस बारेमा यथेष्ट चर्चा भएको पाइँदैन वा भएको चर्चाले आवश्यकतानुसार काम गर्न सकेको छैन । जहाँ र जे काम गर्न, गराउनको लागि पनि सामान्यतया: जसको नीति उसकै नेतृत्व प्रभावकारी र परिणाममुखी हुने हुन्छ । प्राय: नीतिअनुसारकै नेतृत्व पनि निर्माण गरिन्छ । यो प्रथम अर्थात् उत्तम दर्जाको कुरा हो । यसो हुँदा नै आफ्नो सही नीतिलाई सहजै आफूले नै लागू गर्न-गराउन सकिन्छ र अपेक्षित परिणाम निकाल्न सकिन्छ ।

नीति आफ्नो तर, नेतृत्व अर्काको भएको अवस्थामा नीति कार्यान्वयन भएमा त त्यो राम्रै हुन्छ, फलदायी नै हुन्छ; अन्यथा त्यो आशामुखी मात्र हुन्छ । नेतृत्वले गरिदेला र परिणाम आउला भनेर बाटो हेर्ने गर्दैमा समय बित्छ । त्यसैले यो दोस्रो अर्थात् मध्यम दर्जाको कुरा हो । अर्काको नीति तर, आफ्नो नेतृत्व आत्मरतिपूर्ण त होला । त्यो तेस्रो अर्थात् निम्न दर्जाको कुरा हो ।

मानिसहरु दोस्रो र तेस्रोमा कुन राम्रो भन्दा प्राय: सबैले तेस्रो राम्रो ठान्छन् र आफू नेता हुन पाएकोमा अथवा आफ्नो महत्वाकांक्षा पूरा भएकोमा गर्व गर्दै नीति गलत भएकोले परिणाम राम्रो न आएको हुनाले नीति फेर्नुपर्ने कुराको वकालत गर्दछन् । यसो गर्दा अन्ततः आफ्नो सही नीति पनि अकारण नै गलत साबित हुन पुग्ने खतरा रहन्छ भने नेतृत्व पनि गलत हुन पुग्ने अवस्था उत्पन्न हुने हुँदा यो स्थिति देश र जनताको लागि त ज्यादै नै घाटाकर हुन्छ । साथसाथै, नेता स्वयंकै लागि पनि अन्ततः प्रत्युत्पादक हुन्छ ।

केही सोझा र इमान्दार मानिसहरुले नीति आफ्नो भएमा अर्थात् राम्रो र सही पारित भएमा र नेतृत्वले सो नीति कार्यान्वयन गर्ने गरेकोमा आफ्नो अभीष्ट अर्कैद्वारा पूरा गराउन सकेकोमा गौरव पनि गर्दछन् । यदी त्यसो हुन नसकेको खण्डमा नेतृत्व नीति कार्यान्वयन गर्नमा असक्षम र असफल भएको प्रमाणित गर्दै नेतृत्व फेरेर आफूले नेतृत्व लिने सुनौलो अवसर प्राप्त हुनेमा आशावादी हुने गर्छन् । यो अवस्थामा अर्काको अर्थात् गलत नीति पहिल्यै पराजित भैसकेको हुन्छ भने नेतृत्व पनि पछिसम्म असफल प्रमाणित हुने भएकोले आफ्नो सही नीति र नेतृत्वको निर्विकल्प अवस्था पैदा भएकोमा सुखानुभूति गर्ने गर्दछन् । यो कुरा सही र स्वाभाविक नै हो र यसरी यो अवस्था भनेको अन्ततः र परिणामतः पहिलो दर्जाको अवस्था बन्न पुग्छ । त्यसैले यो दोस्रो दर्जाको अवस्थालाई थोरै मात्र सोझा र इमानदार नेताहरुले राम्रो अवसर मान्ने र छान्ने गर्दछन् ।

> जहाँ जे काम गर्न र गराउनको लागि पनि सामान्यतया: जसको नीति उसकै नेतृत्व प्रभावकारी र परिणाममुखी हुने हुन्छ । प्राय: नीतिअनुसारकै नेतृत्व पनि निर्माण गरिन्छ । यो प्रथम अर्थात् उत्तम दर्जाको कुरा हो । यसो हुँदा नै आफ्नो सही नीतिलाई सहजै आफूले नै लागू गर्न–गराउन सकिन्छ र अपेक्षित परिणाम निकाल्न सकिन्छ ।

एउटा अर्को चौथो अवस्था पनि हुन्छ । यो अवस्था भनेको नीति पनि अर्कैको अर्थात् नीति पनि गलत हुने र नेतृत्व पनि अर्को कुनै गलत व्यक्ति हुने अवस्था हो । यो अवस्था चरम पीडादायी अवस्था अर्थात् "न खाउँ भने दिनभरिको शिकार कसरी न खाउँ, खाउँ भने कान्छा बाबुको अनुहार" भन्ने अवस्था जस्तो हुन्छ । अहिले धेरैजसो पार्टीहरुका थुप्रै नेताहरु पद, पैसा र पावर प्राप्तिको प्रलोभनमा परेर यही दु:खद बिडम्बना व्यहोर्दै बसेका छन् । यदी उनीहरु सच्चा क्रान्तिकारी नीतिवादी र नैतिकतावादी हुन् भने त्यो पीडामा पिल्सिएर होइन, सर्वप्रथम त त्यहाँबाट मुक्ति पाउन विद्रोह गर्नुपर्छ अन्यथा आफ्नो नीति, नेतृत्व र नैतिकतासमेत गुम्छ ।

अहिले एमसीसी जस्तो महाघातक सम्झौता पनि क्रान्तिकारी कम्युनिस्ट भनिने पार्टी र राष्ट्रियताको पहरेदार मानिने नेपालको सार्वभौम भनिएको संसदबाट पारित भएबाट केही ठुला भनिएका पार्टीहरुमा रहेका खाँटी क्रान्तिकारी, देशभक्त र जनपक्षीय देखिएका नेताहरुका सन्दर्भमा एउटा अर्को प्रकारको दु:खद बिडम्बना पनि प्रकट हुन गएको छ । त्यो रुपमा नीतिअनुसारको नेतृत्व नहुँदाको परिणाम जस्तो देखिए पनि सारमा त त्यो नीति र नेतृत्व दुवै नै गलत, अवसरवादी र आत्मसमर्पणवादी हुनुकै परिणाम हो ।

त्यसैले न त नीति सही हुँदैमा सबै ठिक भैहाल्छ भनेर आत्मरति गर्नु सही हुन्छ नत नेतृत्वले सो सही नीति कार्यान्वयन गराउँदा वा न गराउँदा पनि आफ्ना दुवै हातमा लड्डु हुन्छन् भनेर स्वैर कल्पना वा मनोगत अपेक्षामा बस्नु नै सही हुन्छ । बरु यो त अन्ततः सारतः र परिणामतः अत्यन्त घातक र दु:खद विडम्बनापूर्ण नै हुन्छ भन्नेमा हामी स्पष्ट हुनु पर्दछ । यो कुरा त अहिले दिनको घामझैं छर्लङ्ग नै भएको छ । देश, समाज, पार्टी र आन्दोलनमा नेतृत्व सही नहुँदा अर्थात् धोकेबाज, कायर, दलाल र गद्दार नेतृत्वलाई पनि सही, सक्षम, क्रान्तिकारी, देशभक्त र जनवादी नेतृत्व ठान्ने र मान्ने भूल र भ्रममा क्रान्तिकारीहरु परेको अवस्थामा कसरी पारित भएको पार्टीको सापेक्षित वा रुपमा सही, देशभक्तिपूर्ण र जनपक्षीय ठानिएको नीति पनि बेइमान नेतृत्वको कोप भाजनको शिकार बन्दोरहेछ र क्रान्तिकारी र दशभक्तिपूर्ण आन्दोलनको बिसर्जन हुन पुग्दोरहेछ भन्ने कुरा फेरि एक पटक हाम्रो देसमा पनि हालै सहजै प्रमाणित भएको छ । साथै यसले गर्दा साहस र समर्पणका साथ सही र क्रान्तिकारी नीति निर्माण गर्नमा अनि सच्चा, सक्षम र साहसी क्रान्तिकारी नेतृत्व चिन्न, बिन्न अनि तिनलाई मान्न वा हान्न नसक्दा सापेक्षित सही नेताहरु र तिनका स्वयं आफ्ना तुलनात्मक रुपले सही नीतिको लागि र अन्ततः समग्र देश र जनताकै लागि समेत त्यो अवस्था के, कति र कसरी प्रत्युत्पादक, प्रतिक्रान्तिकारी र घातक हुँदोरहेछ भन्ने पनि एमसीसी पारित प्रकरणबाट प्रष्ट भएको छ । तसर्थ, नीति र नेतृत्वका विषयमा हामी सच्चा क्रान्तिकारी कम्युनिस्टहरु अत्यन्तै सजग भैरहनु र सकृयता पूर्वक सही र क्रान्तिकारी नीति निर्माण गर्नमा अनि इमानदार र सक्षम नेतृत्व छनोट गर्नुका साथै सही नीति र नेतृत्वलाई सहयोग गर्दै संरक्षण र सम्बर्द्धन गर्नमा तथा गलत नीति र नेतृत्व बन्न सक्ने खतराप्रति सावधान रहँदै वा गलत नीति र नेतृत्व बनिहालेको खण्डमा त्यसका विरुद्धमा उपयुक्त अवस्थामा आवश्यक हस्तक्षेप र विद्रोहसमेत गरी सही र क्रान्तिकारी नीति र नेतृत्वसहितको नयाँ वैकल्पिक शक्ति निर्माणको लागि हरहमेसा तत्पर भैरहनु पर्दछ । यही नै अहिलेको नेपालको कम्युनिस्ट क्रान्तिकारी र देशभक्तिपूर्ण आन्दोलनको ठोस आवश्यकता हो । यही आवश्यकता पूर्ति गर्नतिर लाग्नु नै माओका शब्दमा 'ज्वारभाटाका विरुद्धमा जाने क्रान्तिकारीता हो' ।

## सामाजिक सञ्जाल



**- चोवन घिमिरे**

राष्ट्र बैंकका गभर्नर र डेपुटी गभर्नरहरू बारम्बार भनिरहेका छन्, "अहिले अर्थतन्त्रमा केही समस्याहरू देखिएको छ । आत्तिनु पर्ने खालको ठूलै समस्या त होइन तर, सावधानी अपनाउनु पर्ने बेला भएको ।" तर, सावधानी र समाधानको उपाय चाहिँ आयातमा कडाइ र हात जोडाइ पो रहेछ ।



**- दीप किरण खड्का**

५ वर्षमा ठ्याक्कै प्रदेश सरकारले के–के गऱ्यो चैं पत्तो भएन तर, स्थानीय सरकारले धेरै ठाउँमा राम्रै काम गरेको पनि देखियो । उहिलेको गाविसलाई नै बलियो बनाएर लग्न पाएको भए अर्थतन्त्रलाई यो भार पर्दैनथ्यो कि ? के भन्छन् विज्ञहरू ? आफ्नै मौलिक मोडेलको संघीयता प्रयोग गर्न सकिन्थ्यो कि ?



**- प्रदिप भट्टराई**

संघीयता हात्ती देशले पाल्न सक्दैन । गरिब देशले सयौँ मन्त्री, हजारौँ सांसद तिनीहरूको करोडौँ पर्ने गाडिको व्ययभार देशले थेग्न सक्दैन । जबसम्म यो बोझिलो व्यवस्था रहन्छ तबसम्म नेपालमा पैसा पठाउनु चाल्नोमा पानी राख्नु बराबर हो । त्यसैले विदेशमा बसेकालाई पैसा नपठाउन अनुरोध गर्दछु ।



**- गोविन्दकुमार थापा**

दल नेताहरू गठबन्धित हुँदैछन तर, त्यो गठबन्धन कस्का लागि देश र जनताका लागि सुशासन र सदाचारका लागि ? त्यो स्वार्थ, कुकृत्य र एउटा सिंगो हड्डीको खिचातानीलाई वण्डा गरेर बिलो बाँडी खाने गठबन्धन हो । अपराध, अराजकता र भ्रष्टाचारको मियो दरो बनाउने गठबन्धन हो ।



**- प्रशान्त अर्याल**

अर्थतन्त्रको प्राथमिक उपचार सरकारबाटै अहिल्यै सुरू गरौँ । यसरी– १. ढुकुटीबाट खर्च हुने मन्त्री र सरकारी अधिकारीको विदेश भ्रमण तत्काल रोकौँ, २. अनावश्यक रकारी संयन्त्र तुरून्त खारेज गरौँ, ३.मान्छे पिच्छे सरकारी गाडी कुदाउन कडाई गरौँ र ४. लहडमा खोलिएका विदेशका दूतावास बन्द गरौँ ।

# चुनावी गठबन्धन र राजनीतिक संस्कार

विचार



● ललित कुमार यादव

जनता, देश र राजनीतिबिच अन्तर सम्बन्ध रहेको हुन्छ । किनकी जनता बेगरको देश र देश बेगरको राजनीतिको परिकल्पना समेत गर्न सकिदैन । यसकारण हरेक राजनीतिज्ञ देश र जनता प्रति नैतिकवान (इमानदार) नरहेसम्म देश र राजनीतिले सही गति र दिशा लिन नसक्नेमा कुनै शंका छैन् । राजनीतिक दल एउटा राजनीतिक संस्था हो, जो सत्तामा जान निरन्तर प्रयत्न गरिरहेको हुन्छ । सत्ता प्राप्त गर्न राजनीतिक दलहरूले निर्वाचन प्रकृयामा भाग लिन जरूरी हुन्छ । प्रत्येक राजनीतिक दलको आफ्नै सिद्धान्त र लक्ष्य हुन्छ, जुन प्राय: लिखित दस्तावेजको रूपमा रहेको हुन्छ । प्रत्येक राजनीतिक दल आफ्ना सिद्धान्त र लक्ष्यअनुसारको कार्यक्रम र आफ्ना एजेण्डाहरू लिएर जनतामा जान र जनतासँग आफ्नो दललाई मतदान गर्न अग्रह गर्न पाउनु पर्छ । मतदातालाई आफूतिर आकर्षित गर्ने प्रयास हरेक दलले गर्ने गर्छन् । यी कार्यहरू राजनीतिक दलहरूले गर्नु पनि पर्छ । जनतामा आफ्नो विचार राख्ने, जनतालाई आफ्ना योजना सुनाउने, आफ्ना नीति कार्यावन्यन गर्ने दलिलहरू प्रस्तुत गर्ने र यसकै आधारमा राजनीतिक दलहरूले जनताको मत माग्ने पर्छन् । हरेक राजनीतिक दल र उम्मेदवारले कुनै किसिमको अबरोध बेगर नै जनतासँग मत माग्न पाउनु पर्छ । अनि मात्र निष्पक्ष निर्वाचनको वतावरण तयार हुन्छ ।

निष्पक्ष निर्वाचनको लागि जनताले पनि आफुले मन पराएको दल र उम्मेदवारलाई निष्पक्ष मतदान गर्न पाउनु पर्छ । कहीँ कसैले मतदातालाई दबाब वा आर्थिक प्रलोभनमा पार्नु हुँदैन र मतदाता पनि पर्नु हुँदैन् । राजनीतिक दलले लिएको सिद्धान्तकै आधारमा लोकतन्त्र अगाडी बढ्ने गर्छ । राजनीतिक र सामाजिक सचेतना, जागरण गराउने काम राजनीतिक दलहरू कै हो । राजनीतिक दलले लिने सिद्धान्त र गरेका घोषणाले नै लोकतन्त्रको दिशा तय गर्छ ।राजनीतिक दल र तिनका नेता सामाज र जनताको पथप्रदर्शक हो । राजनीतिक दल र तिनका नेताको आचरण, व्यवहार र संस्कारको प्रत्यक्ष प्रभाव जनता र सामाजमा पर्ने गर्छ । भनाई नै छ नि "वाणि र पानी तल तल सर्छ" । जुन सत्य हो, तर यसको हेक्का ठूला दलका शिर्ष नेताहरू र पूर्व प्रधानमन्त्रीहरूले पनि समेत राखेको पाईएको छैन् ।

आगामी वैशाख ३० गते स्थानिय तहको निर्वाचन हुन गइरहेको छ । निर्वाचनमा भाग लिने दलहरू निर्वाचनमा होमिएका छन् । सबैले जित्नकै लागि एकले अर्को पार्टीको नेता कार्यकर्ता तान्ने होडबाजी चलेको छ । यसबाट दलहरू चुनावी गतिबिधि तिव्र पारेको बुझिन्छ । पार्टी प्रवेशको लहर मधेस प्रदेशमा अलि बढी नै चलेको छ । सबै दल मधेस प्रदेश केन्द्रीत भएर सक्रिय भएका छन् । सँगसँगै दलहरू रणनीति र घोषणापत्रको तयारीमा पनि जुटेका छन् । केहीले रणनीति सकेर मैदानमा आइसकेका छन्, तर घोषणापत्र कसैले ल्याउन सकेका छैनन् । मतदानमा घोषणापत्रकै आधारमा मत माग्नु पर्ने हो । तर घोषणापत्र ल्याउने कार्य जुन तिव्रताका साथ गर्नु पर्थ्यो दलहरूले त्यो गरेका छैनन् । गत भदौ १ गते एमाले विभाजन गरी माधव कुमार नेपाल र झलनाथ खनाललगायतका नेताहरूले नेकपा (एकिकृत सामाजवादी) गठन गर्न र सोही दिन जनता सामाजवादी पार्टी विभाजन गरी महन्थ ठाकुर र महतोलगायतका नेताहरूले लोसपा दर्ता गर्न निर्वाचन आयोगमा निवेदन दिएका थिए । सोही निवेदनको आधारमा भदौ ९ गते आयोगले नेपालको एकिकृत सामाजवादी र ठाकुरको लोसपा लाई दलको मान्यता दिएको थियो । त्यस यता एमाले अध्यक्ष ओली र नेकपा (एस) अध्यक्ष नेपाल सार्वजनिक रूपमै गाली गलौजमा उत्रेका छन् । एकले अर्कालाई व्यंग गर्नु सामान्य जस्तै भैसकेको छ । यी दुई अध्यक्षहरू पूर्व प्रधानमन्त्रीहरू हुन्, तर कार्यकर्तालाई आकर्षित गर्न व्यक्तिगतरूपमै आरोपप्रत्यारोपमा यी दुई नेताहरू उत्रेका छन् । जुन कार्य उहाँहरूको ओहदालाई रति भर पनि सुहाएको छैन् । बरू उपेन्द्र यादव र महन्त ठाकुरले एकअर्कोको आलोचना गरेको सुनिएको छैन् ।

> विचार र दृष्टीकोण मिल्ने दलहरूबीच गठबन्धन वा चुनावी तालमेल हुनुलाई स्वभाविक नै मान्नुपर्छ । यसलाई आम मतदाताले समेत रूचाउने र दलका कार्यकर्ताहरूले पनि पचाउने गरेका छन् । तर, विचारले नै प्रजातान्त्रिक र कम्युनिष्टबिच चुनावी तालमेल हुनुलाई कुनै हालतमा स्वाभाविक रूपमा लिन सकिँदैन । यो दलहरूमा आएको सैद्धान्तिक विचलन र चरम सत्तामोह बाहेक अरू केही हुन सक्दैन् ।

पछिल्लो समय एमाले अध्यक्ष ओलीको निशानामा आफै प्रधानमन्त्री रहेको बेलामा पदाधिकारी नयूक्त गरेका निर्वाचन आयोग परेको छ । निर्वाचन आयोग एउटा निरीह अंग हो । निर्वाचन आयोगमाथि प्रमूख प्रतिपक्षी दलले विश्वास नगर्नु गम्भिर कुरा हो । यसले निर्वाचन निष्पक्ष हुँदैन की ? भन्ने प्रश्न उठछ । तर सानातिना र प्राविधिक कुरा उठाएर ओलीले आफ्नो र एमालेको समेत साख गिराउने काम गरेका छन् ।

अहिलेसम्म नेपालमा दुई धारका राजनीतिक दलहरू सक्रिय रहेका छन् । एक खालका दलहरू आफुलाई प्रजातान्त्रिक धारमा उभ्याएका छन् भने अर्को खालका दलहरू आफुलाई कम्यूनिष्ट धारमा उभ्याएका छन् । मुख्यरूपमा नेपाली राजनीतिक दलहरू प्रजातान्त्रिक र कम्यूनिष्ट गरी यिनै दुई विचारधारालाई अपनाएका छन् । विचार र दृष्टीकोण मिल्ने दलहरूबिच गठबन्धन वा चुनावी तालमेल हुनुलाई स्वभाविक नै मान्नुपर्छ । यसलाई आम मतदाताले समेत रूचाउने र दलका कार्यकर्ताहरूले पनि पचाउने गरेका छन् । तर, विचारले नै प्रजातान्त्रिक र कम्युनिष्टबिच चुनावी तालमेल हुनुलाई कुनै हालतमा स्वाभाविक रूपमा लिन सकिँदैन । यो दलहरूमा आएको सैद्धान्तिक विचलन र चरम सत्तामोह बाहेक अरू केही हुन सक्दैन् । यसलाई आम मतदाताले समेत नरूचाएको र दलका कार्यकर्ताहरूले समेत पचाउन नसकेको यथार्थ नेपालका राजनीतिक दलहरूले देखि र भोगि सकेका छन् । तर पनि दलहरू सत्तामा पुग्न जे गर्नु परे नि गर्न तयार रहेका छन् । २०७४ सालको प्रतिनिधि र प्रदेश सभाको निर्वाचनमा कम्यूनिष्ट दलबिच चुनावी तालमेल भयो । मतपरिणाम पनि कम्यूनिष्टहरू कै पक्षमा आयो । चुनावी तालमेल पछि पार्टी एकतामै परिणत भयो, तर नेताहरूको स्वार्थ बाँझिएका कारण एकताले विभाजनको भयानक रूप लिन कुनै बढी समय लागेन । यसले एमालेमा पनि विभाजन ल्यायो । नेकपामा छँदा एकै कित्तामा प्रचण्ड र माधव नेपालहरू उभिएका थिए । अहिले प्रचण्ड र नेपालले चुनावी तालमेल गर्ने तयारी गर्नु भन्दा दुईटैले कांग्रेसको मुख ताकेर बसेका छन् । एमालेलाई कमजोर पार्न प्रचण्ड र नेपाल कांग्रेसलाई बलियो बनाउन तयार भएका छन्, उता ओली पनि माधव नेपालको स्तित्व नै स्विकार गर्ने र त्यसको लागि जे पनि गर्न तयार छन् । यसमा दलहरूको सिद्धान्त, विचार र दृष्टीकोण भन्दा नेताहरूको व्यक्तिगत टकरावले काम गरेको छ ।

हाम्रो मुलुकमा प्रजातान्त्रिक अभ्यासमा अभ्यस्त दल र नेताहरू भए पनि प्रजातान्त्रिक अभ्यासलाई सहजै स्वीकार गर्न सकिरहेका छैनन् । सत्तामा पुग्न होस् की चुनाव जित्न दलहरूले साम, दाम, दण्ड र भेद यीनै चार नीतिको प्रयोग गर्ने गरेका छन् । दलहरूका लागि सिद्धान्त र विचार केवल एउटा लिखित दस्तावेज मात्र हो । दल र दलका नेताहरू विचार अनुसारको आचरण र जिवनशैली नअपनाए सम्म नेपाली राजनीतिमा राजनीतिक संस्कारको कमि रही रहनेछ । राजनीतिक संस्कार खै ? भन्ने प्रश्न नेपाली राजनीतिवृतमा उठि नै रहनेछ ।

# किताब बोक्ने हातले इँटा बनाउँदै

माधव बेल्वासे/मध्यान्ह
चन्द्रौटा, २३ चैत



उमेर ७ वर्ष, हात भरी हिलो छोपेर माटो मुछिरहेका छन् सकिल, हिलो माटोलाई डल्लो बनाएर इँटा बनाउने साँचोमा हाल्छन् र इँटाको आकार बनाउँछन् । उनी इँटा बनाउन पोख्त छन् । कालो हाफ पाइन्ट र खुल्ला टिसर्ट लगाएका सकिलको दैनिकी यसै गरेर चलिरहेको छ । शरीर पनि हिलाम्मे रहेको उनले परिवारसँगै इँटा बनाउने काम गर्छन् ।

खासमा उनको हातमा किताब हुनुपर्ने उमेर हो । तर, उनी विद्यालय, किताब, पढाईका बारेमा अनविज्ञ छन् । भारतको बरेलीबाट रोजगारीको शिलशिलामा आएका उनका सबै परिवारका सदस्यहरूले कपिलवस्तुको फाइब स्टार इँटा उद्योगमा इँटा बनाउने काम गर्छन् । परिवारका अन्य सदस्यसँगै सकिल पनि दिनभरी नै इँटा बनाउने काम गर्छन् । बालबालिकालाई श्रममा लगाउन नपाइने भए पनि जिल्लाका अधिकांश इँटा उद्योगहरूमा परिवारसँगै आएका श्रमिकका बालबालिकाहरू पनि इँटा बनाउने काम गर्दछन् ।

जिल्लाका इँटा उद्योगमा विद्यालय जाने उमेर समूहका बालबालिकाहरू काम गर्ने गरेका छन् । सरकारले बालबालिकालाई काम लगाउन नपाइने प्रावधान बनाएको भए पनि इँटा उद्योगहरूमा सरकारको नियम र प्रावधानलाई मिच्दै बालबालिकालाई इँटा बनाउने काममा लगाइएको पाइएको छ ।

खासगरी भारतीय श्रमिक परिवारका बालबालिकाहरू मजदुरका रूपमा प्रयोग भएका छन् । भारतको बरेलीबाट परिवार नै मजदुरीका लागि आएका अम्जद खानका १६ वर्षे छोरा मोहम्मद करम खान र १५ वर्षे रुक्सान खान आफ्नो परिवारसँगै इँटा उद्योगमा काम गर्दै गरेका भेटिए । भारतमा नै अध्ययन गर्ने भए पनि परिवारसँगै रोजगारीका लागि आएका उनी अहिले अध्ययन छाडेर इँटा बनाउने काम गरिरहेका छन् । सबै परिवार रोजगारीका लागि घर छाडेर आउनु पर्ने हुँदा छोरा छोरीलाई पनि सँगै ल्याएको उनका बुबा अमजद खानले बताए ।

इँटा उद्योगमा काम गर्ने भारतीय श्रमिकका बालबालिका कहिले भारतमा घरमा हुँदा विद्यालय जाने गरेको भए पनि स-परिवार नै श्रमका लागि नेपाल आई इँटा उद्योगमा काम गर्दा भने उनीहरूले पढ्न नपाउने र दिनभरी आमाबुबा सँगै इँटा बनाउने काम गर्ने गरेको खानले बताए ।

नेपालका भन्दा धेरै भारतीय नागकिरहरुको छोराछोरीहरूले इँटा उद्योगमा काम गरिरहेको पाइएको शिवराज नगरपालिका प्रमुख नेत्रराज अधिकारीले मध्यान्हलाई बताए । इँटा उद्योगमा काम गर्ने मजदुरका बालबालिकालाई मजदुरका रूपमा प्रयोग गर्न नपाइने अधिकारीको भनाइ छ । इँटा उद्योगमा रहेका श्रमिक बालबालिकाको शिक्षाका लागि उद्योगीहरूसँग पहल गरिने र बालबालिकालाई काम लगाएको अर्को पटक भेटिए उद्योग नवीकरण नगरिने अधिकारीले बताए ।

इँटा उद्योगका श्रमिकका बालबालिकाको शिक्षाका लगि काम गर्दै आइरहेको दलित मानव अधिकार निगरानी समितिकी अध्यक्ष मिना परियारले इँटा उद्योगमा काम गर्ने श्रमिकका बालबालिकाहरूको शिक्षाको विषयमा सरोकारवाल निकायले ध्यान दिनु पर्ने बताइन् ।

अहिले कपिलवस्तुका शिवराज नगरपालिका, महाराजगन्ज नगरपालिका र बुद्ध भूमि नगरपालिकामा रहेका इँटा उद्योगहरूमा ४ सय बाल श्रमिक रहेको अनुमान छ । इँटा उद्योगमा रहेका बालबालिकाको शिक्षाको लागि दलित मानव अधिकार निगरानी समिति र विश्व शिक्षा साझेदारीमा सक्रिय परियोजनाले बालबालिकाको डाटा संकलन गरिएको र उनीहरूको शिक्षाका लागि सहयोग गरेको परियारले बताइन् । इँटा उद्योगमा रहेका बालबालिकाको शिक्षाका लागि व्यवसायी स्थानीय तह र यस क्षेत्रमा काम गर्ने संघसंस्थाले पहल गरी उनीहरूको पढ्न पाउने अधिकार सुनिश्चित गर्नु पर्ने शिवराज नगरपालिका वडा नं. १० का अध्यक्ष मञ्जु मिश्रले बताइन् ।

३ सय ८१ बाल श्रमिक

दलित मानव अधिकार निगरानी समितिले गत वर्ष इँटा उद्योगमा कार्यरत बालबालिकाहरूको तथ्यांक संकलन गरेको थियो । कपिलवस्तु जिल्लाको बुद्धभूमी, महाराजगन्ज र शिवराज नगरपालिकामा मात्रै ३ सय ८१ बालबालिकाहरूले उद्योगमा काम गरिरहेको पाइएको छ । जसमा बालिका १ सय ६० र बालक ३ सय २१ जना रहेका छन् । बुद्ध भूमिमा १ सय २७ जना, महाराजगञ्जमा १ सय ८५ जना र शिवराज नगरपालिकामा ६९ जना बाल श्रमिक रहेका छन् ।

अधिकांश बालबालिका ५ देखि ९ वर्ष, १० देखि १३ वर्ष र १४ देखि १८ वर्ष उमेर समूहका छन् । सबै भन्दा बढी ५ देखि ९ र १० देखि १३ वर्ष उमेरका बालबालिकाहरूले इँटा उद्योगमा संलग्न रहेको तथ्याङ्कमा उल्लेख छ । यस वर्ष भने यो तथ्याङ्कमा केही घटेको दलित मानव अधिकार निगरानी समितिकी अध्यक्ष परियारको भनाइ छ ।

कक्षा सञ्चालनको तयारी

कपिलवस्तुको शिवराज नगरपालिकाले इँटा उद्योगमा कार्यरत बालश्रमिकहरुलाई अनौपचारिक शिक्षा प्रदान गर्ने भएको छ । नगरमा रहेका इँटा उद्योगमा कार्यरत बालमजुदरहरुलाई लक्षित गरी तीन महिने कक्षा सञ्चालन गरिने नगरप्रमुख नेत्रराज अधिकारीले जानकारी दिए ।

दलित मानव अधिकार निगरानी समितिले सङ्कलन गरेको तथ्यांक अनुसार शिवराज नगरमा रहेका १२ वटा इँटा उद्योगमा ६९ जना बालबालिकाहरू कार्यरत छन् । पहिलो चरणमा तीन वटा मात्र इँटा उद्योगमा कार्यरत बालबालिकाहरूलाई कक्षा सञ्चालन गरिने बताइएको छ । जनता इँटा उद्योग, स्टार इँटा उद्योग र कपिलवस्तु इँटा उद्योगमा कार्यरत ४० जनालाई लक्षित गरेर कक्षा सञ्चालन गरिने शिवराज नगरपालिका शिक्षा शाखा प्रमुख लोकराज पन्थीले बताए । तीन वटा इँटा उद्योग नजिकै रहेकोले उनीहरूलाई पायक पर्ने ठाउँमा कक्षा सञ्चालन गरिने बताइएको छ ।

विश्व शिक्षा अन्तर्गत दलित मानव अधिकार निगरानी समितिले इँटा उद्योगमा कार्यरत बालबालिकाको पक्षमा काम गरिरहेको समितिकी अध्यक्ष परियारले बताइन् । कक्षा सञ्चालनमा सहजकर्ताको व्यवस्थापन शिवराज नगरपालिकाले गर्ने र शैक्षिक सामग्रीको व्यवस्थापन दलित मानव अधिकार निगरानी समितिले गर्ने निर्णय भएको परियारको भनाइ छ । दैनिक २ घण्टा कक्षा सञ्चालन हुने छ । अहिले इँटा उद्योगहरूले बालबालिकाहरूको विवरण तयार गरिरहेको दलित मानव अधिकार निगरानी समितिका सहजकर्ता निर्मला एमसीले बताइन् ।

# स्थानीय तह निर्वाचनमा पाल्पामा पाँच दलीय गठबन्धन

बिकाश काफ्ले/मध्यान्ह
पाल्पा, २३ चैत



आगामी बैशाख ३० गते हुने स्थानीय तह निर्वाचनमा पाल्पामा पाँच दलीय गठबन्धन हुने भएको छ ।

केन्द्रीय सरकारमा सहभागि रहेका नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, राष्ट्रिय जनमोर्चा तथा जनता समाजवादी पार्टीले गठबन्धन गरी निर्वाचनमा सहभागि हुने भएका हुन् ।

बुधबार गठबन्धन दलहरुको संयन्त्रको बैठकले आगामी निर्वाचनमा जिल्लाका सबै स्थानीय तहमा चुनावी तालमेल गर्ने निर्णय भएको छ । बैठकले चुनावी तालमेलका सम्बन्धमा कांग्रेस सभापति हिमाल दत्त श्रेष्ठको संयोजकत्वमा संयन्त्र निर्माण गरेको छ ।

जसको सदस्यमा नेकपा माओवादी केन्द्रका संयोजक नेत्र प्रसाद पाण्डे, एकीकृत समाजवादीका अध्यक्ष खिमानन्द पाण्डे, राष्ट्रिय जनमोर्चाका अध्यक्ष विशाल दर्लामी र जनता समाजवादीका मेयरमान राना रहेको संयन्त्रका संयोजक हिमालदत्त श्रेष्ठ छन् । संयन्त्रले गठबन्धन दलहरुबीच आवश्यक छलफल, परामर्श गर्न हरेक दलबाट ३/३ जना सहभागि हुने गरी एक कार्यदल गठन गर्ने निर्णय पनि गरेको छ ।

## बहराइनमा रोजगारको अवसर | १. कम्पनी : Pearla Salon शहर: MANAMA

पूर्व स्वीकृत मितिः २०७८/१२/२३ चलानी नं.: ६०१७७३३८ LT. No.: 261027

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 1 | स. काममा दक्ष | 150 | ४७,८४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : MG Beaute Salon and SPA शहर: MANAMA
पूर्व स्वीकृत मितिः २०७८/१२/२३ चलानी नं.: ६०१७७३३९ LT. No.: 261028

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Beautician | 0 | 2 | सम्बन्धित काममा दक्ष | 150 | ४७,८४४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Spa Therapist | 0 | 1 | | 150 | ४७,८४४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख १ गते (14 April 2022) मा हुनेछ ।
मलेसिया Security Guard को अन्तर्वार्ता भईरहेको छ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १. आफनो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

DREAM RECRUITING SERVICE Pvt. Ltd.
**Dream Recruiting Service Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: ११५४/०७३/०७४
Kathmandu-32, Tel.: 5147124, 9846984960/9801033135
E-mail : dreamhumanresources1@gmail.com, info.dreamrecruiting@gmail.com

## कुवेतमा रोजगार | कम्पनी : KDI GENERAL TRADING & CONTRACTING CO W.L.L. शहर : KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/१२/२३ चलानी नं.: ६०१७७३५२ L.T. No.: 261013

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Helper | 20 | 0 | सम्बन्धित काममा दक्ष | 110 | ४३,४५७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Waiter/Waitress | 35 | 20 | | 120 | ४७,४०८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख १ गते (14 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**इम्प्लोयमेन्ट लिंक नेपाल प्रा.लि.**
श्रम ईजाजत नं. २९९/०५८/५९
बसुन्धारा, काठमाडौं, फोन नं. ०१-४३७२६९८, ४३७१३६५
E-mail: elndocument@gmail.com / Website : employmentlinknepal.com

## मलेशिया र UAE मा रोजगार | कम्पनी: SMI WIRE SDN BHD (136633-T) शहर: JOHOR

पूर्व स्वीकृत मितिः २०७६/०९/२९ चलानी नं.: ६०१५००४२ LT. No.: 231039
पून पूर्व स्वीकृत मितिः २०७८/१२/२३ पून चलानी नं.: ११९१ पून: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 18 | 0 | स. काममा दक्ष | 1100 | ३१,४२७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: RAMEE ROYAL HOTEL शहर: UAE
पूर्व स्वीकृत मितिः २०७८/१२/२३ चलानी नं.: ६०१७७३७५ LT. No.: 260522

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 5 | सम्बन्धित काममा दक्ष | 1500 | ४९,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Chambermaid | 0 | 10 | | 1200 | ३९,३०० | | | | | | | |
| 3. | Housekeeping | 10 | 0 | | 1200 | ३९,३०० | | | | | | | |
| 4. | Receptionist | 5 | 0 | | 1500 | ४९,१२५ | | | | | | | |
| 5. | Waiter | 10 | 0 | | 1200 | ३९,३०० | | | | | | | |
| 6. | Waitress | 0 | 10 | | 1200 | ३९,३०० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख १ गते (14 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**J.S.N. International Pvt. Ltd.**
श्रम इजाजत नं. १२१४/०७३/०७४
P.Box No.: 9883, Samakhusi, Ranibari, Kathmandu, Tel : 01- 4359573, 01- 4364548
E-mail-jsninternational1@gmail.com, Web.: jsninternational.com.np

## शुन्य (0) लागतमा मलेसियामा रोजगारको अवसर

१. कम्पनी: SUN-TENT SDN. BHD. शहर: SELANGOR
पूर्व स्वीकृत मितिः २०७८/१२/२३ चलानी नं.: ६०१७७३४९ LT. No.: 261213

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Freight worker | 15 | 0 | स. काममा दक्ष | 1200 | ३४,२८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख ९ गते (22 April 2022) मा हुनेछ ।

२. कम्पनी: BENOM HEIGHTS HYDROPONICS SDN.BHD. शहर: KUALA LUMPUR
पूर्व स्वीकृत मितिः २०७६/१०/१५ चलानी नं.: ६०१५०८१२ LT. No.: 231961 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farm General Worker | 15 | 0 | स. काममा दक्ष | 1200 | ३४,२८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख ५ गते (18 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले तिर्ने | रु. १,५००/- रोजगार दाताले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**वाईड-स्पेस इन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ३८९/०५९/०६०
हार्भेष्टमुन बिल्डिङ 5th Floor, टुकुचे चोक-२, गैरीधारा, काठमाडौं,
फोन: ४४१५५६२, ४००४६५०, ४००४५५०, मो: ९८०११०१८१५

## कुवेतमा रोजगारको अवसर | कम्पनी: VALOR CONSUMABLES DELIVERY CO शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०७८/१२/२३ चलानी नं.: ६०१७७३४५ LT. No.: 260964

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Vehicle Driver / Motorbike Driver | 90 | 0 | स. काममा दक्ष | 140 | ५५,३०९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत २८ गते (11 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**DEEP JYOTI MANPOWER SERVICE PVT. LTD**
श्रम इजाजत नं. ११३६/०७३/०७४
Sinamangal-9 (Near Prakash Ashram), Kathmandu, Tel: 01-4492910, Mob: 9844323964, 9808046424 Fax: 4490678
Email: deepjyotimanpower1136@gmail.com, info@deepjyotimanpower.com.np, Web.: www.deepjyotimanpower.com.np

## UAE मा रोजगारको अवसर | कम्पनी : METRO TAXI CO.LLC शहर : UAE

पूर्व स्वीकृत मिति: २०७८/१२/२३ चलानी नं.: ६०१७७३३६ LT. No.:260938

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Taxi Driver | 100 | 0 | स. काममा दक्ष | 1500 | ४९,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख १ गते (14 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Deluxe HR Solution (P.) Ltd.** Lic. No.: 956/067/068
DHRS
बिजुलीबजार पुल नजिक, काठमाडौं, फोन : 01-5172684, 5172686, 5172725, 5172675
Email: deluxehrsolution@gmail.com
Contact Detail: 9801144770, 9841612262, 9851133239, 9801087078

## साउदीमा रोजगारको अवसर | १. कम्पनी : HASSAN AL RASHID TRANSPORTATION शहर: AL QUNFUDHAH

पूर्व स्वीकृत मितिः २०७८/१२/२३ चलानी नं.: ६०१७७३७६ LT. No.: 260891

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 2 | 0 | स. काममा दक्ष | 1800 | ५७,७०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : AL-WATAN CONCRETE FACTORY COMPANY. शहर: SAUDI
पूर्व स्वीकृत मितिः २०७८/१२/२३ चलानी नं.: ६०१७७३५३ LT. No.: 261127

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 1 | 0 | स. काममा दक्ष | 1800 | ५७,७०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ बैशाख १ गते (14 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**डेष्टिनी प्लेसमेन्ट सर्भिस प्रा. लि.**
श्रम इजाजत नं. १६३/०५६/०५७
पो.ब.नं. १४१२५, बानेश्वर हाइट, काठमाडौं, नेपाल, Email: placementservice.destiny@gmail.com
फोन नं. ४४७५१७६, ४४६४५१५, फ्याक्स: ४४९२९६२

**INTERSCAFF SAFETY**
**International Vocational Training School**

- IRATA Rope Access
- CISRS Scaffolding
- Spray Painting
- Sandblasting
- F/S Carpenter
- Steel Fixer
- Pipe Fitter
- Insulator
- Welders-TIG/MIG/ARC(upto 6G)
- Mason-Marble/Tile/Block
- Industrial Electrician
- Aluminium Fabricator
- A/C Technician
- Plumber

Skill Test / Video Graphy Services



NOTE
We provide wide range of skill development trainings
Follow us on Social Media @interscaffsafety

Opposite Basundhara Chowki, Kathmandu, Nepal
Tel : +97714364297 | 9801042999 | 9801057807
www.interscaffsafety.com | info@interscaffsafety.com

# कपिलवस्तुका १ सय ८० जग्गाधनीलाई लालपूर्जा

**चन्द्रौटा/मस**–कपिलवस्तुको शिवराज नगरपालिकाका १ सय ८० जग्गाधनीलाई लालपूर्जा वितरण गरिएको छ। नगरको २, ३ र ५ नम्बर वडाका पाँचगाउँ ब्लकका जग्गाधनीलाई लालपूर्जा वितरण गरिएको नापी कार्यालय कपिलवस्तुका प्रमुख कैलाशनाथ पाण्डेले जानकारी दिए।

लामो समयदेखि गाउँ ब्लक समस्यामा रहेको जग्गाधनीहरूले लालपूर्जा पाएपछि खुसी भएका छन्। लालपूर्जा पाउने आश मरिसकेको भएपनि अहिले हातमा लालपूर्जा पर्दा खुशी लागेको वडा नम्बर ३ बलुहवाका विश्वनाथ थारुले बताए।



लालपुर्जा वितरण गर्दै शिवराज नगरपालिकाका प्रमुख नेत्रराज अधिकारीले नापी भएपनि लामो समयदेखि लालपूर्जा नपाएका जग्गाधनीलाई पुर्जा वितरण गरेको बताए। पालिकाका अन्य वडाहरूमा पनि गाउँ ब्लक रहेको र निरन्तर लालपूर्जा वितरण गरिने उनको भनाई छ।

अध्यक्ष अधिकारीका अनुसार लालपुर्जा पाएका नागरिकहरू स्थायी बासिन्दाको रूपमा रहेकोले सरकार तथा अन्य निकायले प्रदान गर्ने सेवा सुविधा पाउने छन्। २०२६ देखि नापजाँच शुरु भए पनि नगरले लालपुर्जा वितरणको काम भर्खरै मात्र शुरु गरेको हो।

कार्यक्रममा नगर उपप्रमुख शिवकुमारी थारुले वर्षौंदेखि लालपूर्जा माग गरेका नागरिकहरूले पूर्जा पाएको बताइन्। शिवराजसँगै जिल्लामा रहेका गाउँ ब्लकका जग्गाको लालपुर्जा वितरण भइरहेको र अब भूमिहीन, अव्यवस्थित बसोबासलाई लालपूर्जा दिनुपर्ने बताइन्।

शिवराज नगरपालिका वडा न ३ का ६५ जना नागरिकहरूलाई लालपूर्जा वितरण गरिएको वडा अध्यक्ष टेकलाल सापकोटाले बताए। कपिलवस्तुमा २०२६ सालबाट शुरु भएको गाउँ ब्लक जग्गा २०२८ मा सामान्य नापी भएको थियो। हालसम्म जिल्लाका साबिक ८१ गाविसबाट १ हजार ९३ गाउँ ब्लक र ६७ बजार ब्लक रहेको छ।

# निर्वाचन शान्तिपूर्ण बनाउन मुख्यमन्त्री पोखरेलको निर्देशन

**बाग्लुङ/मस**– गण्डकी प्रदेशका मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले आगामी स्थानीय तहको निर्वाचन भयरहित वातावरणमा सम्पन्न गर्न सुरक्षा प्रमुखलाई निर्देशन दिएका छन्।

बुधबार बागलुङमा आयोजित साबिकको धौलागिरिका चार जिल्लाका सुरक्षा प्रमुखहरुलाई निर्वाचन केन्द्रित सुरक्षा योजना बनाउन अनुरोध गर्दै नेपालीले सबै शक्ति भयरहित वातावरणमा मतदान गर्न सक्ने वातावरण बनाउन निर्देशन दिएका हुन्।



निर्वाचन सम्पन्न गर्न प्रदेश सरकार तत्पर रहेको भन्दै उनले जिल्लाको अवस्था अनुसार सुरक्षा योजना बनाउन निर्देशन दिए। अन्तर जिल्ला सुरक्षा समन्वय बैठकमा चार जिल्लाको सुरक्षाको अवस्था, सबल पक्ष र चुनौतीका बारेमा प्रमुख जिल्ला अधिकारीहरूको प्रस्तुति सुनेपछि उनले उक्त निर्देशन दिएका हुन्।

प्रदेशको आन्तरिक मामिला मन्त्रालयले गरेको कार्यक्रममा बागलुङ, पर्वत, म्याग्दी र मुस्ताङका प्रमुख जिल्ला अधिकारीसहित सुरक्षा निकाय प्रमुख सहभागी थिए।

## रौतहट डायरी

सत्येन्द्र प्रताप सिंह/मध्यान्ह

### नेत्र ज्योती संघ जिल्ला शाखा रौतहटको साधारण सभा सम्पन्न




नेत्र ज्योती संघ जिल्ला शाखा रौतहटको साधारण सभा सम्पन्न भएको छ। संघका अध्यक्ष विजय कुमार सिंहको अध्यक्षतामा साधारण सभा सम्पन्न भएको हो। साधारण सभाका प्रमुख अतिथि गौर नगरपालिकाका मेयर अजय कुमार गुप्ताले नागरिकलाई सेवाको भावनाले आँखा उपचार दिन र दिलाउन नेत्र ज्योती संघ जिल्ला शाखा रौतहटले खेलेको भूमिका सराहनीय रहेको बताए। रौतहटका आँखा रोगीहरुले जाँच गराउन बाहिरी जिल्ला जाने गरेको बाध्यतालाई यस नेत्र ज्योती संघले जिल्लामै उपचार सेवा दिई सफलता हासिल गरेको उनले बताए।

सोही अवसरमा नेत्र ज्याती संघका पूर्व अध्यक्ष दुर्गा प्रसाद यादव, नेपाल पत्रकार महासंघ रौतहटका प्रतिनिधि, गौर आँखा अस्पतालका पूर्व मेडिकल डाइरेक्टर हरिश्चन्द्र झा, नेपाल रेडक्रस सोसाइटीका सभापति संजिव कुमार मल्लिकलगायतले साधारण सभामा शुभकामना व्यक्त गरेका थिए।

### टिपरले विद्युतको तार छुँदा सुपरभाइजरको मृत्यु

रौतहटको परोहा नगरपालिकाको वडा नं १ जिडरवामा टिपरले विद्युतको चार छुँदा एक जनाको मृत्यु भएको छ।

रोड कालो पत्रे निर्माणका क्रममा टिपरले विद्युतको तार छोएको थियो। सो क्रममा करेन्ट लागेर सुपरभाइजर चन्द्रीका यादवको मृत्यु भएको हो।

नगरपालिकाबाट टेन्डर गरी निर्माण भइरहेको काले पत्रे रोडमा गिट्टी अलकत्रा मिक्स गरी प्रदेश २-०३-३००१ ख १८७० नम्बरको टिपरमा लोड गरी रोडमा खसाल्दै गर्दा विद्युतको तारमा छोएको थियो।

करेन्ट लागेर राजदेवी भक्त कन्स्ट्रक्सनका सुपरभाइजर परोहा नगरपालिका वडा नं ४ लौकाहा टोलका करिव ३८ वर्षीय यादवको मृत्यु भएको हो। घाइते यादवको उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ। शवलाई पोष्टमार्टम पश्चात आफन्तलाई जिम्मा लगाइएको छ।

# एकल पुरुषलाई मासिक पाँच सय भत्ता



**लमजुङ/मस**–लमजुङको मर्स्याङ्दी गाउँपालिकाका एकल पुरुषले मासिक पाँच सय रुपैयाँ भत्ता पाउने भएका छन्। पालिकाभित्र रहेका ६० वर्षदेखि ६९ वर्षसम्मका एकल पुरुषले सामाजिक सुरक्षा भत्ता बापत मासिक उक्त रकम प्राप्त गर्ने भएका हुन्।

गाउँपालिका अध्यक्ष अर्जुन गुरुङका अनुसार पालिकाको ९६ औँ बैठकले गत फागुन महिनादेखि नै लागू हुने गरी सम्मान स्वरुप पालिकामा स्थायीरुपमा बसोवास गर्ने एकल पुरुषलाई सामाजिक सुरक्षा भत्ता दिने निर्णय गरेको हो। एकल पुरुष भए पनि पेन्सन भएकालाई भने यो सेवा उपलब्ध नहुने उनको भनाई छ। गाउँपालिकामा अहिले ९३ एकल पुरुष छन्। तीन/तीन महिनामा भत्ता वितरण गर्ने र निर्णय भएअनुसार गत फागुन महिनासहितको यही चैतको अन्तिममा भत्ता वितरण गर्ने तयारी भइरहेको गाउँपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले जनाएको छ।

## मिर्लुङ सप्लायर्स प्रा. लि. (लिक्विडेशन) सम्बन्धमा हकदावी गर्न आउने बारे सूचना !

कम्पनी ऐन २०६३ बमोजिम मिति: २०७१/०८/२८ मा दर्ता भएको **प्रा. लि. न. १२९५१४** को **मिर्लुङ सप्लायर्स प्रा. लि.** लाई खारेजी (लिक्विडेशन)मा लैजाने कम्पनी ऐन,२०६३ को दफा १२६ बमोजिम मिति: २०७८/१२/१७ गतेको बिशेष साधारण सभाले निर्णय गरेकोले यस कम्पनिले तिर्नु ब्यहोर्नु पर्ने ऋण, धन एवं कोहि कसैको बाँकी बक्यौता लेनदेन आदि भएमा स-प्रमाण सहित हकदावी गर्न यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र लिक्विडेटरको कार्यालय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**लिक्विडेटर**
**श्री सुशिल कुमार न्यौपाने**
**ईजाजत पत्र नं. ४३२**


## मलेसियामा वैदेशिक रोजगारको अवसर

२. कम्पनी: BESGRADE PLYWOOD SDN BHD शहर: MALAYSIA
पूर्व स्वीकृत मिति: २०७६/११/१६ चलानी नं.: ६०१५२६८२ LT. No.: 234164 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | महिला | न्यूनतम योग्यता | मासिक तलब RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 100 | 0 | स. काममा दक्ष | 1200 | ३४,२८४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, ललितपुरमा २०७९ बैशाख १ गते (14 April 2022) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।

LUCKY H.R. Solution Pvt. Ltd.
श्रम इजाजत नं. ८७५/०६६/०६७
**लक्की एच.आर. सोलुसन प्रा. लि.**
जावलाखेल, ललितपुर, नेपाल, फोन: ५५२०५६२, ५५५०६३४, ५५५५१४४, ५५५५१८०
Email- info@merocvs.com / info@luckyhrsolution.com



## KUWAIT मा रोजगार

१. कम्पनी: MARCO POLO SPA & SALON FOR MEN शहर: Kuwait
पूर्व स्वीकृत मिति: २०७८/१२/२३ चलानी नं.: ६०१७७३३५ L.T. No.: 260794

फुर्तिमान मार्ग, विशालनगर- ४, काठमाडौं, नेपाल, फोन: ४४२३६०३, ४४२३६०४ मोबाइल : ९८५१०४१५४९

कतारमा रोजगारको अवसर | १. कम्पनी : TAMEER ENGINEERING CONTRACTING
शहर: DOHA
पूर्व स्वीकृत मिति: २०७८/११/१५ चलानी नं.: ६०१७५१७६ L.T. No.: 258585 पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 2 | 0 | स. काममा दक्ष | 1000 | ३२,९२० | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |
| 2. | Painter | 1 | 0 | | 1200 | ३९,५०४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७९ बैशाख १ गते (14 April 2022) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

New Light International Pvt. Ltd.
Govt.Lic.No. 1403/074/075
Samakoshi, Kathmandu, Tel.: 97701-4380173-4384185 /9813065702/9841039034/
9851045653/9841071786/9862013933 | Email: info.newlight1403@gmail.com

# बक्स अफिस समाचार

## गुरुङ संस्कार जोगाउन दुई दशकदेखि चलचित्र क्षेत्रमा क्रियाशील गणेश

**जनक श्रेष्ठ/मध्यान्ह**
लमजुङ, २३ चैत

लामो समयदेखि हङकङमा बसोबास गर्दै आएका लमजुङका गणेश गुरुङ (सुवास) गुरुङ संस्कार संस्कृति जोगाउन दुई दशकदेखि गुरुङ चलचित्र क्षेत्रमा क्रियाशील रहँदै आएका छन्। परम्परागत आफ्ना भाषा संस्कार संस्कृति लोभ हुन थालेपछि यसको संरक्षण गर्न उनी दुई दशकदेखि निर्माता, निर्देशक, कथा लेखन र अभिनय गर्दै गुरुङ चलचित्र क्षेत्रको विकासका लागि क्रियाशील रहँदै आएका हुन्।

लमजुङमा दोर्दी गाउँपालिका १ भारते ढिन गाउँमा विसं. २०३४ भदौ ७ गते पिता स्वर्गीय सिंहबहादुर गुरुङ र माता स्वर्गीय पदमकुमारी गुरुङको कोखबाट जन्मिएका गणेशले ०५८ सालमा गुरुङ सिनेमा काँशी (कान्छी) मा पहिलोपटक कलाकार तथा सह-निर्देशकको भूमिका निर्वाह गरे। सुर्योदय उच्च माध्यमिक विद्यालयबाट विसं. २०५० मा एसएलसी गरेपछि उनले वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरबाट आइएसम्म अध्ययन गरे।

विसं. २०५४/५५ तिरबाट नेपाल टेलिभिजनमा हिजो आजका कुरा र कान्तिपुर टेलिभिजनमा करुणा टेलिसिरियलमा आवद्ध हुँदै गर्दा विसं. २०५७ मा राष्ट्रिय नाचघरबाट अभिनय तथा नाटक निर्देशनको प्रशिक्षण लिएसँगै चलचित्र क्षेत्रमा हात हाले। उनले आइएफएबाट निर्देशन तालिम तथा स्क्रिप्ट राइटिङको कोर्ससमेत पुरा गर्दै विसं. २०६० मा गुरुङ चलचित्र ठूलो मान्छे (म्हिथेवा) निर्माण गरे।

उनी चलचित्र निर्माणसँगै कथावस्तु लेखन तथा निर्देशनतर्फ समेत अघि बढे। गणेशले विसं. २०६१ मा चलचित्र 'ङै नासा' (मेरो गाउँ) को लेखन तथा निर्देशन गरे।



त्यस्तै उनले विसं. २०६२ मा 'भुलिगए पाप लाग्ला', विसं. २०६३ मा 'ङै जिन्दगी' (मेरो जिन्दगी), सोही वर्ष 'ङै क्या' (मेरो बाटो), विसं.२०६५ मा म्होरा (सपना), विसं. २०६६ मा आस्यो (मावली) लगायतका चलचित्रको लेखन तथा निर्देशन गरे।

त्यस्तै उनले २०६८ मा कर्मरेखा चलचित्र निर्माण गरेका थिए भने विसं.२०७३ मा चलचित्र 'भैँडीगोठाले' को लेखन तथा निर्देशन गरे। यस चलचित्रल विसं. २०७४ मा चलचित्र विकास बोर्डबाट बेस्ट अवार्ड पाउन सफल समेत भएको थियो। विसं.२०७४ मा निर्माता तथा निर्देशक गुरुङले चलचित्र 'खै ओ म्हिथेवा' (फर्कि आयो ठुलो मान्छे) को निर्देशन तथा कथावस्तु तयार गरे। सोही वर्ष 'कुटुम्बरी साइनो' पनि उनले निर्माण गरे।

विसं.२०७६ मा मारक्यु अर्थात् सुनपानीको कथा लेखन गरे। गुरुङ चलचित्रका निर्माता तथा निर्देशक गुरुङले भने, 'जातीय, भाषिक, सांस्कृतिक आदिरुपमा ओझेलमा पर्न गइरहेको हाम्रो मौलिकतालाई जगेर्ना लक्ष्यका साथ गुरुङ संस्कृतिमा आधारित चलचित्र बनाइरहेको छु।' यसको उद्देश्य भनेको नयाँ पुस्ताले भाषा, संस्कार, संस्कृति बिर्सिँदै गएकाले त्यसलाई उजागर गर्न गुरुङ चलचित्रमार्फत अघि बढिरहेको र आगामी दिनमासमेत निर्माण गर्ने उनको भनाइ छ।

उनी गुरुङ चलचित्र क्षेत्रमा मात्र नभई नेपाली म्युजिक भिडियोसमेत निर्देशन गर्छन्। हालसम्म १२ वटा म्युजिक भिडियोको निर्देशन गरिसकेको उनले बताए। उनले केही समयअघि अभिनय गरेको कौडा गीत तारा श्रीष मगर, रामकुमार गुरुङ लगायतको स्वर रहेको रोधीं घरको आगनी ३ बजारमा आइसकेको छ।

कलाकार गुरुङले हालसम्म आधा दर्जनभन्दा बढी विभिन्न अवार्ड समेत जितेका छन्। गुरुङले २०७२ मा गुरुङ फिल्म अवार्ड (उत्कृष्ट अभिनय तथा उत्कृष्ट फिल्म अवार्ड), विसं. २०७३ मा चलचित्र विकास बोर्डले प्रदान गरेको उत्कृष्ट जनजाति राष्ट्रिय फिल्म अवार्ड (म्हिथेवाबाट), सन् २०१८ मा भैँडीगोठाले चलचित्रबाट उत्कृष्ट निर्देशन अवार्ड (निफबाट), न्युर्योक ओनरेवल मोसन अवार्ड-२०१९, जर्मनीको बर्लिनमा फल्यास चलचित्र महोत्सवबाट अवार्ड र कतारमा भैँडीगोठाले चलचित्रबाटै उत्कृष्ट जनजाति फिल्म स्टार इन्टर नेसनल अवार्ड २०१९ लगायत दर्जनौं अवार्ड जितिसकेका छन्।

उनी लामो समयदेखि हङकङमा ग्रीन कार्ड लिएर बसेका छन्। उनले हङकङमा समेत विभिन्न गीतहरु निर्देशन गरिसकेका छन् भने बेला बेला नेपाल आएर विभिन्न गीत तथा चलचित्र निर्माण, निर्देशन तथा अभिनय गर्ने गरेका छन्। यतिबेला गुरुङ नेपालमै छन्। हङकङमा रहेको बेलामा पनि मन भने गुरुङ चलचित्र र म्युजिक भिडियोमै हुने गरेको उनी बताउँछन्। आगामी दिनमा समेत गुरुङ चलचित्र र म्युजिक भिडियोलाई निरन्तरता दिने उनको भनाइ छ। केही महिनाभित्रै 'पुरानो घर' चलचित्र निर्माण गर्ने तयारीमा रहेको उनको भनाइ छ। निर्माण हुन लागेको उक्त चलचित्रमा निर्माता, लेखक तथा निर्देशक सबै उनले नै गर्ने भएका छन्।

उक्त चलचित्र बाहेक अन्य दुई तीन वटा गुरुङ चलचित्र निर्माण गर्ने तयारीमा रहेको उनको भनाइ छ। उनले भने, 'चलचित्रका लागि कथावस्तु तयार भइसकेको र चलचित्रका लागि कुन ठाउँहरुमा गर्ने भनेर तय भइनसकेकाले रोकिएको छ, तर चाँडै नै चलचित्र छायांकनमा जाने छ।'

विगतमा निर्माण तथा निर्देशन गरेको चलचित्रहरु युरोप लगायत विभिन्न देशमा प्रदर्शन गरेको र आगामी निर्माण हुने चलचित्र निर्माण भए पश्चात् नेपालसहित उक्त देशहरुमा प्रदर्शन गर्ने लक्ष्य रहेको उनले जानकारी दिए।

**सूचना**

**प्रथम पटक प्रकाशित मिति २०७८/१२/२४**

यस सा.व.स. बाट संकलित साल गोलिया काठ ८७७.३७ क्युफिट र साल दाउरा १.३८ चट्टा विक्री गर्नुपरेकाले यो २१ दिने सूचना प्रकाशित गरिएको छ। थप जानकारीको लागि यस समूहमा सम्पर्क राख्न सकिनेछ।

**गुम्लेक सामुदायिक वन उपभोक्ता समूह, ऋषिङ- ४, तनहुँ**

## 'नेशनल इन्टरटेनमेन्ट अवार्ड' हुने, आवेदन खुला

**काठमाडौं/मस-** मनोरन्जन क्षेत्रको सम्पूर्ण विधा समेट्दै 'दोस्रो नेशनल इन्टरटेनमेन्ट अवार्ड-२०२२' हुने भएको छ। मौलिक कला, संस्कृति, गीत संगीत, चलचित्र, खेल, कमेडी, फेशन, सौन्दर्य, कस्टमेटिक, टुरिजम एण्ड कल्चर क्षेत्रका व्यक्तित्वहरुलाई अवार्ड तथा सम्मान प्रदान गर्ने उद्देश्यले मनोरन्जन तथा संगीतका विभिन्न विधातर्फ 'दोस्रो नेशनल इन्टरटेनमेन्ट अवार्ड-२०२२' गरिने भएको छ। दोस्रो नेशनल इन्टरटेनमेन्ट अवार्ड यही आउँदो २०६९ जेठ महिनाभित्र काठमाडौंमा गरिने भएको छ।




अवार्ड आवेदनको लागि दर्ता फारम निःशुल्क गरिएको छ भने वैशाख २० गतेसम्म फारम भरिने जानकारी गराइएको छ। जसका लागि २०२० जनवरीदेखि २०२१ डिसेम्बरसम्मका गित संगीतहरुलाई समावेश गरिने भएको छ भने नव प्रतिभाको हकमा २०२१ भित्र गीत निकालेको हुनु पर्नेछ।

क्रियटिभ इन्साइट मिडियाको प्रस्तुति तथा व्यवस्थापनमा हुन लागेको यस अवार्ड कार्यक्रमको संयोजक तथा संस्थापक निर्देशक सुर्य चन्द रहेका छन्। उत्कृष्ट गायक, गायिका, संगीतकार, रचनाकार, नवप्रतिभा, लोक तथा दोहोरी गायक-गायिका, पर्व विशेष गीत (तिज, दशैं तिहार, होली), भेग विशेष (पुर्वेली, काठे, पश्चिमेली) भजन, पप/आधुनिक गायक-गायिका, भाषा-भाषिका गीत, म्युजिक भिडियो मोडल, चलचित्रका सम्पूर्ण विधा, खेल, कमेडी, फेशन, सौन्दर्य, कस्टमेटिक, टुरिजम एण्ड कल्चर लगायत विभिन्न विधामा अवार्ड प्रदान गरिनेछ।

अवार्डमा समाजका विभिन्न प्रतिष्ठित व्यक्तिहरुलाई सम्मान गरिने छ भने नेपाल कला क्षेत्रमा कलम चलाउने पत्रकारलाई समेत सम्मान गरिने आयोजक संस्थाले जनाएको छ। 'दोस्रो नेशनल इन्टरटेनमेन्ट अवार्ड-२०२२' का लागि आवेदन फरम भर्न चाहने इच्छुक व्यक्तित्वले निःशुल्क फारम भर्न पाउने छन्।

**ZERO COST RECRUITMENT Opportunity for Malaysia!!**
**शून्य लागत अन्तर्गत मलेशियामा वैदेशिक रोजगारीको अवसर !!**

FREE VISA! FREE TICKET! FREE PASSPORT! FREE MEDICAL CHECKUP! FREE VISA PROCESSING! FREE RECRUITMENT FEE! FREE FOOD, ACCOMODATION & TRANSPORTATION FROM INTERVIEW TO DEPLOYMENT!
निःशुल्क भिसा ! निःशुल्क हवाई टिकट ! निःशुल्क राहदानी ! निःशुल्क स्वास्थ्य जाँच ! निःशुल्क भिसा प्रक्रिया ! कुनै पनि सेवाशुल्क नलाग्ने ! अन्तर्वार्ता पास भएदेखि उडानसम्म निःशुल्क यातायात, आवास र खाना !

**रोजगारदाता कम्पनी : टप ग्लोभ एसडिएन बिएचडि**
**(EMPLOYER COMPANY) : TOP GLOVE SDN BHD | MALAYSIA, KLANG**

| | | | | | |
|---|---|---|---|---|---|
| पूर्व स्वीकृत मितिः | २०७८/१२/२१ | चलानी नं.: | ६०१७७३३२ | एल टि नं.: | २६०७०० |
| Pre Approval Date: | 2022/04/04 | Invoice No.: | 60177332 | L.T. No.: | 260700 |

| सि.नं S.N. | कामदारको पद Worker's Position | माग संख्या Required No's | | न्यूनतम योग्यता Minimum Qualification | मासिक तलब Monthly Salary | | ओभरटाइम सुविधा OT Facility | प्रतिदिन काम गर्ने घण्टा Working Hours Per Day | हप्तामा काम गर्ने दिन Working Day Per Week | बार्षिक बिदा Annual Leave | खाना सुविधा Food Facility | बस्ने सुविध Accomodation Facility | करार अवधि Contract Period |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष Male | महिला Female | | रिङ्गिट MYR | ने.रु. NPR | | | | | | | |
| 1 | Factory Worker (Manufacturing Sec.) | 113 | 10 | स. काममा दक्ष | 1400 | ४०,०२६ | कम्पनीको नियम अनुसार As per the company rule | ८ घण्टा 8 Hours | ६ दिन 6 Days | कम्पनीको नियम अनुसार As per the company rule | छैन NO | रिङ्गिट ५० कामदार को मासिक तलबबाट काटिनेछ RM 50 deduction from monthly wage of worker | दुई वर्ष 2 Years |

नोटः आबेदकहरुलाई कुनै मध्यस्थकर्ता (बिचौलिया)को प्रयोग बिना सिधा आवेदन गर्न आमन्त्रित गरिएको छ। आबेदक वा आवेदकका परिवारका सदस्यहरुले यस भर्ना प्रक्रियाको लागि कुनै पनि शुल्क तिर्नु पर्नेछैन।
Note: Applicants are invited to apply directly without using any mediators or sub-agent. Applicants or their family members are not required to pay any form of fees for this recruitment.

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने र कति लाग्ने Who will bear the Medical Examination Cost at Origin Country (Pre Medical) | बिदेशमा गर्ने मेडिकलको शुल्क कस्ले ब्यहार्ने Who will bear the medical Examination Cost at Destination Country | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले ब्यहार्ने/कति लाग्ने Who will bear the Insurance at Origin Country and how much is the cost | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने Insurance at work provided/not provided and premium borne by whom | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने Who will bear the workers Air Ticket and how much is the cost | भिषा शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Cost | भिषा स्ट्याम्पीङ शुल्क कस्ले ब्यहार्ने Who will bear the Visa Stamping Cost | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Orientation Cost and who will bear it | कल्याणकारी कोष सम्बन्धी ब्यवस्था Management of Workers Welfare Fund | सेवा शुल्क कति लाग्ने र कस्ले ब्यहार्ने How much is the Service Fee and who will bear it |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने उमेर १८ देखि ३५: ने.रु.३७०८।- उमेर ३६ देखि ५०: ने.रु.४९३१।- उमेर ५१ देखि ६४: ने.रु.९४६३।- By the Employer Age 18 to 35 : NPR 3708/- Age 36 to 50 : NPR 4931/- Age 51 to 64 : NPR 9463/- | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer | ने.रु.७००।- रोजगारदाताले ब्यहार्ने NPR 700/- By the Employer | ने.रु.१५००।- रोजगारदाताले ब्यहार्ने NPR 1500/- By the Employer | रोजगारदाताले ब्यहार्ने By the Employer |

बैदेशिक रोजगार बिभागबाट गराइएको जानकारी :- १.आफ्नो नाममा भिषा प्राप्त भएको सुनिश्चित गर्नुहोस्। २.आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३.यस विज्ञापन (सूचना)मा उल्लेखभएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस्। ४.विदेशजानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ। ५.विदेश जानु अघिआफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुबिधार अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला। ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७.यस बिज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा बैदेशिक रोजगार बिभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला।
Information provided by the Department of Foreign Employment(DOFE) 1.Confirm that visa is issued under your name 2.Keep the contact details and location of Diplomatic Mission of Nepal in the country you are going for the employment, it will be easy to contact if you get in trouble 3.Be clear on the services, facilities and salary that is mentioned in this advertisement 4.Before going abroad orientation or induction training should be attended compulsorily 5. Before going abroad sign the employment contract only after reading the details regarding the country, company, facilities, services, terms and conditions mentioned in the agreement thoroughly and keep a copy of the same 6.While going abroad use International Airport of Nepal or else you might be deceived 7.If you want to know more details regarding this advertisement please contact Department of Foreign Employment(DOFE), Buddhanagar.

अन्तर्वार्ता ट्रेन्डवे इन्टरनेशनल अफिस, मध्य बानेश्वर, मिलन चोक, काठमाडौंमा मिति ०१ वैशाख, २०७९ मा हुनेछ।
Interview Will Be Held At Trendway Int'l Office, Mid Baneshwor, Milan Chowk, Kathmandu On April 14, 2022.

कोभिड प्रोटोकलः अन्तर्वार्तामा आउँदा अनिवार्य मास्कको प्रयोग गर्नुहुन जानकारी गराइन्छ।
Covid Protocal: This is informed that all the applicants should wear a mask compulsory at interview.

यदी कोही कसैले यस कम्पनीमा भर्ती हुन कुनै किसिमको प्रलोभन, आर्थिक माग र कुनै अवैभ क्रियाकलाप गर्न/गराउन खोजेमा कृपया हामीलाई निम्न सम्पर्क नम्बर र इमेलमा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ। हामी तपाईको गोपनियता सुनिश्चित राख्नेछौं।
If anyone shows any kind of false temptations, financial demands or force to involve into any illigal activity, please contact us on the following contact number and email. We shall maintain your confidentiality.
Helpline:+977 9869135666
Email: grievance@trendwayinternational.com

ट्रेन्डवे इन्टरनेशनल प्रा.लि.को कुनै शाखा तथा मध्यस्थकर्ता छैन।
Trendway International does not have any **branch/mediator or sub-agent.**

Beyond Horizon... Trendway International Pvt. Ltd.
License No. 616/063/064
ट्रेन्डवे इन्टरनेशनल प्रा.लि.

Address: House No.89/21, Bal Bhadra Marg, Milan Chowk, Mid-Baneshwor, Kathmandu, Nepal
ठेगानाः घर नं. ८९/२१, बालभद्र मार्ग, मिलन चोक, मध्यबानेश्वर, काठमाडौं, नेपाल
Contact No. : (+977) 01-4105016, 01-4105017
सम्पर्क नं. : (००९७७) ०१-४१०५०१६, ०१-४१०५०१७

| Sanjit (संजीत) | Ashok (अशोक) | Amardeep (अमरदिप) |
|---|---|---|
| 9801176555 (९८०११७६५५५) | 9801179555 (९८०११७९५५५) | 9802059777 (९८०२०५९७७७) |

Hotline Number (हटलाईन नम्बर): 9851301000 (९८५१३०१०००)

**Damak Municipality**
**Office of Municipal Executive**
**Damak, Jhapa**
**1 No. Province, Nepal**

**Invitation for Online Bids**

**Date of publication: 2022-04-07 A.D. (2078-12-24 B.S.)**

1) Damak Municipality, Damak, Jhapa invites online bids under e-procurement system from eligible bidders for the following works:

| S.N. | Name of Project | Contract ID No. | Bid Security Amount | Cost of Bid Document | Bid Validity Period | Estimated Amount (With VAT) | Last Date of Bid Submission | Bid Opening Date |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Shree Himalaya Sec. School Building (Administration Block) Construction, Damak 2 | DMO/JHAPA/ BUILDING/ 75/078-79 | 250000.00 | 3000.00 | 120 DAYS | 9798069.78 | 2022-05-09 12:00 | 2022-05-09 12:00 |

2) Eligible Bidders may obtain further information and inspect the bidding documents at Damak Municipality, Damak, Jhapa, Phone No. 023-580502 or may visit PPMO website **www.bolpatra.gov.np/egp**.

3) A complete set of bidding documents may be downloaded for e-submission from PPMO's website **www.bolpatra.gov.np/egp** and should deposit the cost (as specified above) of bidding document in the office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

Name of the Bank : **Rastriya Banijya Bank,Damak,Jhapa**
Name of Office : **Damak Municipality,Damak,Jhapa**
Account Name : **Aantarik Rajaswa Khata**
Account No. : **2140100301010002**

4) Pre-bid meeting shall be held at Damak Municipality, Damak, Jhapa as per mentioned in e-bid system.

5) If the last date of opening bid falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**Chief Administrative Officer**
**Damak Municipality**

# सदस्य सचिव घिसिङ सम्हाले कार्यभार
# ‘नवौं राष्ट्रिय खेलकुद पहिलो प्राथमिकता’

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ चैत

राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टंकलाल घिसिङले बुधबार कार्यभार सम्हालेका छन् । मन्त्री परिषद्को मंसिर १३ गतेको निर्णयानुसार घिसिङ सदस्य-सचिवमा नियुक्त भएका थिए ।

राखेपका तत्कालीन सदस्य-सचिव रमेशकुमार सिलवालले आफूलाई जिम्मेवारी मुक्त गरेको र नयाँ सदस्य-सचिव नियुक्ति विरुद्ध सर्वोच्च अदालतमा रित दायर गरेका थिए । सो रिट उपर मंसिर ३० गते न्यायधीश हरि फुयाँलको एकल इजलासले सदस्य-सचिव नियुक्ति प्रक्रिया यथास्थितिमा राख्न अल्पकालीन आदेश जारी गरेपछि सदस्य-सचिव घिसिङ राखेपमा अनुपस्थित थिए । मन्त्री परिषद्को कात्तिक १ गतेको निर्णयले सदस्य-सचिव सिलवाललाई जिम्मेवारी मुक्त गरेको थियो ।



चैत २२ गते सर्वोच्चका न्यायधीशद्वय अनिलकुमार सिन्हा र कुमार रेग्मीको संयुक्त इजलासले सिलवालको रिट खारेज गरेपछि सदस्य-सचिव घिसिङलाई काममा फर्कन बाटो खुलेको हो । ३ महिना ३ हप्तापछि सदस्य-सचिव घिसिङ काममा फर्केका हुन् ।

कार्यभार सम्हालेपछि सदस्य-सचिव घिसिङले चालु आर्थिक वर्षभित्र नै राष्ट्रिय खेलकुद प्रतियोगिता आयोजनाका लागि प्रयास गर्ने बताए । उनले समग्र खेलकुदको विकासका लागि सातै प्रदेशसँग छलफल गर्ने जानकारी पनि दिए ।

घिसिङले भने, ‘नवौं राष्ट्रिय खेलकुद मेरो पहिलो प्रथामिकता हो । प्रतियोगिता यो आर्थिक मसान्तभित्र गर्नका लागि मैले भोलि देखिनै प्रयास थाल्नेछु । त्यसैका लागि मैले सातै प्रदेशका सदस्य-सचिवहरुसँग छलफल गर्नेछु । यो विषयमा खेलकुद मन्त्रालयमा छलफल गर्दै चाँडै नै हामी निष्कर्ष निस्कनेछौं ।’

कोरोना महामारीका कारण नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता सरेको थियो । प्रतियोगिताका लागि घिसिङले गत मंसिर १३ गते पद सम्हाल्ने वित्तिकै फागुनसम्मा गरिसक्ने बताएका थिए । नवौं राष्ट्रिय खेलकुद गण्डकी प्रदेशमा हुनेछ । पोखरामा आयोजना हुने प्रतियोगिताका लागि धेरै भौतिक प्रविधिहरू निर्माण भइसकेका छन् ।

राष्ट्रिय प्रतियोगिता आयोजना अघि खेलाडीलाई तयारीका लागि निश्चित समय आवश्यक हुने र त्यो पूरा भएपछि मात्र राष्ट्रिय खेलकुदमा खेलाडी लैजाने उनले बताए । सदस्य सचिव घिसिङले एसियन गेम्सको तयारीका लागि तुरुन्तै कामहरु अघि बढाउने बताए ।

नेपालले अन्तर्राष्ट्रिय प्रतियोगितामा आफ्नो उपस्थिति कसरी प्रभावकारी बनाउने भन्नेमा आफुले गृहकार्य गर्ने उनले बताए । सदस्य सचिव घिसिङले भने, ‘मेरो अर्जुनदृष्टि नै त्यसैमा हुन्छ । नेपालले अन्तर्राष्ट्रिय प्रतियोगितामा प्राप्त गर्ने उपलब्धीसँग नेपाली खेलकुदको मूल्यांकन रहन्छ । यो बीचमा हामीले जे क्षति व्यहोऱ्यौं, मैले मंसिरमा पदभार ग्रहण गर्दा जुन लक्ष्य लिएको थिएँ, त्यो लक्ष्य हासिल गर्न सकिन्छ या सकिन्न त्यो भन्न सकिन्न । तर, नेपालले अन्तर्राष्ट्रिय प्रतियोगितामा आफ्नो उपस्थिति कसरी प्रभावकारी बनाउने भन्नेमा नै मुल लक्ष्य हुन्छ । अब हामीसँग ५ महिनाको समय छ ।’

अदालतमा परेको मुद्दाले केही अन्योल सिर्जना गरेको र त्यसले केही क्षति गरेको भन्दै उनले भने, ‘सम्मानित अदालतको विषयमा मेरो कुनै ‘कम्प्लेन’ छैन । मैले सम्मानित अदालतका माननीय न्यायाधीशहरुले दिएको आदेश पालना गरको हुँ । स्वभाविकरुपले यसले ठूलो क्षति पुगेकै छ । तत्कालिन समस्या समाधानका लागि माननीय मन्त्रीज्युले बाधा फुकाए पनि कार्याकारी प्रमुख र निमित्तले गर्ने काम फरक हुन्छ । अहिले पुगेको क्षतिलाई पुर्ति गर्नका लागि मैले गाडीलाई अलि बढी गेयरमा दौडाउनु पर्ने छ । त्यसका लागि सबैको साथ र सहयोगमा हामी अघि घढ्छौं । त्यसका लागि बढी काम गर्नु पर्ने छ र बढी खट्नु पनि पर्छ । त्यसका लागि म तयार छु र सबैलाई साथ दिन अनुरोध पनि गर्छु ।’

त्यस्तै उनले अब खेल संघका अधिवेशनहरु नरोकिने बताए । उनले प्रक्रिया पूरा गरेर आउनेहरुलाई अधिवेशन गर्न दिइने जानकारी दिए । उनले भने, ‘अब खेलसंघका अधिवेशनहरु रोकिँदैन ।

प्रक्रिया पूरा गरेर आउनेहरुलाई अधिवेशन गर्न दिन्छ । यदि प्रक्रिया पुरा गर्नुभएको छैन भने अधिवेशन रोकिन्छ । यसैगरी एउटै खेलका दुई भन्दा बढी संघ भएकाहरुको विवाद समाधान गर्नका लागि उपाध्यक्षको नेतृत्वमा समिति पनि गठन भइसकेको छ । उपाध्यक्ष ज्यु लागि पनि रहनु भएको छ । केही संघहरु समाधानको प्रक्रियामा गएको सूचना पनि मैले पाएको छु । अब उपाध्यक्ष र म मिलेर यो कुरा पनि टुंग्याउने छु । ’

त्यसअघि राखेपका उपाध्यक्ष शिव कोइराला, निमित्त सदस्य-सचिव कुलबहादुर थापा, विभागीय प्रमुख, शाखा प्रमुख, खेलाडी, प्रशिक्षक, कर्मचारीलगायतले सदस्य-सचिव घिसिङको स्वागत गरेका थिए ।

# थापाले दिए राखेपबाट राजिनामा

**काठमाडौं/मस–** राष्ट्रिय खेलकुद परिषद् (राखेप) का वरिष्ठ अधिकृत कुलबहादुर थापाले राजिनामा दिएका छन् । उनले घरायसी कारण जनाउदै बुधबार राखेपमा राजिनामाको निवेदन दिएका हुन् ।



थापाले राखेपमा सदस्य-सचिवको अनुपस्थितिमा निमित्त सदस्य-सचिवको कार्यभार सम्हालेका थिए । थापालाई गत फागुन ४ गते युवा तथा खेलकुद मन्त्रालयले कार्यकारी अधिकारसहित निमित्त सदस्य-सचिवको जिम्मेवारी दिएको थियो । त्यसबेला तत्कालीन सदस्य-सचिव रमेशकुमार सिलवालको बर्खास्ती र नवनियुक्त सदस्य-सचिव टंकलाल घिसिङको नियुक्तिका सम्बन्धमा सर्वोच्च अदालतमा मुद्धा विचाराधिन रहेको अवस्थामा थापाले निमित्त सदस्य-सचिवको जिम्मेवारी पाएका हुन् ।

त्यसअघि थापा राखेपअन्तर्गत खेलकुद प्रतियोगिता तथा योजना विभागका प्रमुख थिए ।

करिब २६ वर्षअघि (२०५२ साल भदौ ८ गते) थापा राखेपमा अधिकृत तृतीय श्रेणीमा राखेप सेवामा प्रवेश गरेका थिए । थापाले राखेप मातहतका प्रशासन विभाग, खेलकुद विकास विभाग र खेलकुद प्रतियोगिता तथा योजना विभागमा प्रमुख भई कार्य गरेका थिए । प्रचार प्रसार शाखा, कर्मचारी प्रशासन शाखालगायत विभिन्न शाखामा पनि प्रमुख भइ काम गरेको अनुभव थापासँग छ ।

समारोह विज्ञका रुपमा परिचित अधिकृत द्वितीय श्रेणीका थापाले पाँचौंदेखि आठौं राष्ट्रिय खेलकुदको समारोह उपसमितिको महत्वपूर्ण जिम्मेवारीमा रहि काम गरेका छन् । नेपालमै भएको १३ औं दक्षिण एसियाली खेलकुद (साग) मा थापाले समारोह निर्देशकको महत्वपूर्ण भुमिका निर्वाह गरेका थिए ।

# बाासबारी क्लब र सिद्धार्थ बैंकवीच सम्झौता

**काठमाडौं/मस–** शहीद स्मारक बी डिभिजन लिग खेलिरहेको बाँसबारी क्लबले सह-प्रयोजकको रुपमा सिद्धार्थ बैंकसँग बुधबार सम्झौता गरेको छ । काठमाडौं महानगरपालिका ३ स्थित क्लबको कार्यालयमा आयोजित कार्यक्रममा क्लबका अध्यक्ष प्रेम थापा र सिद्धार्थ बैंकका सहायक महाप्रबन्धक (एजीएम) प्रदीप पन्तले प्रायोजन सम्झौता पत्रमा हस्ताक्षर गर्नुभयो । चार लाख रुपियाको प्रायोजन सम्झौता एक वर्षको रहेको छ ।

बाँसबारीका अध्यक्ष थापाले भने, ‘देशकै ठूलो सिद्धार्थ बैंकसँग प्रायोजन सम्झौता गर्न पाउँदा बाँसबारी क्लब र बाँसबारी टोलबासी अत्यन्त खुशी छौं । स्थानीय बासिन्दा दीपेश आचार्यको पहलमा हाम्रो यो सहकार्य सम्भव भएको हो । यो सहयोगले नेपालको फुटबल विकास र क्लबको उद्देश्य तथा लक्ष्य प्राप्त गर्न ठूलो सहयोग मिल्नेछ ।’

सिद्धार्थ बैंकका एजीएम पन्तले भने, ‘बाँसबारी क्लबसँग सहकार्य गर्न पाउँदा हामी साह्रै खुशी छौं । हामी यसरी नै बाँसबारी क्लबसँग खेलकुद र सामाजिक कार्यमा सहकार्य गर्दै अगाडि बढ्नेछौं । अहिलेलाई एक वर्षको सम्झौता गरेका छौं । यो सम्झौतालाई आगामी बर्ष पनि निरन्तरता दिएर अगाडि बढ्नेछौं ।’

बाँसबारी क्लबको मुख्य प्रायोजक अराउन्ड द हिमालयज प्रालि रहेको छ । क्लबले अराउन्ड द हिमालयजसँग १० लाख रुपियाको प्रायोजन सम्झौता गत फागुनमा गरेको थियो । क्लबको सहप्रायोजक चोयु ट्रेकिङ प्रा.लि., हेल्थ पार्टनर वेलनेस हस्पिटल, मार्केटिङ पार्टनर काया स्पोर्ट्स एन्ड सप्लायर्स र किट्स पार्टनर कामरु ट्रेडिङ प्रा.लि. रहेका छन् ।

# सुरज र किसन पहिलो

**काठमाडौं/मस–** दाङका सुरज ओली र रोल्पाका किसन घर्तीमगर गणेशमान सिंह स्मृति राष्ट्रिय बक्सिङ प्रतियोगिताअन्तर्गत लुम्बिनी प्रदेशस्तरीय छनोटमा पहिलो भएका छन् । कैलालीको धनगढीमा भएको छनोट प्रतियोगिताअन्तर्गत पुरुष ५२ केजीमा सुरजले बाँकेका धर्मवीर चिडीमार र ५७ केजीमा किसनले बाँकेका विनोद चौधरीलाई पराजित गर्दै पहिलो स्थान हात पारे ।



पुरुषकै ६३ केजी तौल समूहमा दाङका अनिल पुनमगरले स्वर्ण जिते । फाइनलमा उनले पूर्वी रुकुमका गौतम पुनमगरलाई पराजित गरे । पुरुषकै ६९ केजीमा दाङका विकास रानामगरले पाल्पाका असिम धिरेन श्रेष्ठलाई पराजित गर्दै काठमाडौंमा हुने राष्ट्रिय प्रतियोगिताका लागि सिट सुरक्षित गरे । र फाइनलमा स्थान बनाए । पुरुषको ७५ केजीमा दाङका गणेश सुनार र ९१ केजीमा दाङकै केशर खत्रीले राष्ट्रिय प्रतियोगिताका लागि छनोट भए ।

वीर गणेशमान सिंह स्पोर्ट्स कमिटीको आयोजनामा भएको छनोट प्रतियोगिताअन्तर्गत महिला ५१ केजी तौल समूहमा बाँकेकी माया खत्रीले पहिलो स्थान हात पारिन् । फाइनलमा उनले दाङकी आरती विकलाई पराजित गरिन् । ५७ केजी तौल समूहमा दाङकी जानकी थापामगरले रोल्पाकी सुशीला थापामगरलाई हराउँदै स्वर्ण पदक पक्का गरिन् । लुम्बिनी प्रदेशबाट ६० केजीमा सुरक्षा कुमाल र ६९ केजीमा बाँकेकी जुनुमाया थारुले पनि राष्ट्रिय प्रतियोगिताका लागि सिट सुरक्षित गरेका छन् ।

वीर गणेशमान सिंह स्पोर्ट्स कमिटीको आयोजनामा २०७९ बैशाख ६ देखि १० गतेसम्म काठमाडौंको बसन्तपुर डबलीमा हुने प्रतियोगितामा पुरुषतर्फ सात र महिलामा पाँच तौल समूहमा प्रतिस्पर्धा हुनेछ ।

प्रतियोगितामा पुरुषतर्फ ४८, ५२, ५७, ६३, ६९, ७५ र ८१ तौल समूहमा प्रतिस्पर्धा हुनेछ । यसैगरी महिलातर्फ ४८, ५४, ५७, ६४, ६९ केजी तौल समूहमा प्रतिस्पर्धा हुनेछ । प्रतियोगितामा सात प्रदेश र तीन विभागीय टोलीका खेलाडीहरूबीच प्रतिस्पर्धा हुनेछ । राष्ट्रिय प्रतियोगितामा हरेक तौल समूहमा पहिलो, दोस्रो र तेस्रो स्थान हासिल गर्ने खेलाडीले आकर्षक नगद पुरस्कार प्राप्त गर्ने छन् भने उत्कृष्ट महिला र पुरुष खेलाडीले स्कुटर र मोटरसाइकल पाउने छन् ।

# एभीएमलाई दोहोरो स्वर्ण

**काठमाडौं/मस–** आदर्श विद्या मन्दिर (एभीएम) ले केबी साम ११ औं पुर्णमान वज्राचार्य स्मृति राष्ट्रिय खुला टेबलटेनिसमा बुधबार दोहोरो स्वर्ण जितेको छ । टिम इभेन्टको ब्वाइज/गर्ल्स दुवैमा एभीएम पहिलो भयो । लैनचौर स्थित राष्ट्रिय टेबलटेनिस प्रशिक्षण केन्द्रमा भएको ब्वाइज फाइनलमा एभीएमले पुष्पसदनलाई ३-० ले पराजित गऱ्यो । सिर्जना ज्ञान सागर र एम्राल्ड एकेडेमी तेश्रो भए ।



केबी साम अल्मुनियम इन्डस्ट्रिज प्रा.लि. को मुख्य प्रायोजनमा काठमाडौं जिल्ला टेबलटेनिस संघद्वारा आयोजित प्रतियोगिताअन्तर्गत गर्ल्सको उपाधि भिडन्तमा एभीएमले प्रभातलाई ३-० ले नै हरायो । सिर्जना ज्ञान सागर र प्रोक्सिमाले तेश्रो स्थानमा चित्त बुझाए ।

फरक क्षमता भएकातर्फ पुरुष बहिरा सिंगल्समा सुशान्त लामाले स्वर्ण, अनिल हमालले रजत तथा सुशिल गुरुङ र दावा शेर्पाले कांस्य जिते ।

प्रतियोगिताअन्तर्गत पुरुष/महिला खुला सिंगल्सको लिग चरणका खेलहरु सुरु भएका छन् । त्यस्तै भेट्रान सिंगल्सको पुरुष ४० वर्षमाथि, ५० वर्षमाथि र ६० वर्षमाथिका खेलहरु पनि प्रारम्भ भएका छन् ।


**Indrasarowar Rural Municipality**
**Office of Municipal Executive**
**Kulekhani, Makawanpur**

**Invitation for Bids**

**(Date of publication: 7th April 2022)**

1. **Indrasarowar Rural Municipality** invites electronic bids from eligible bidders for the **execution of below Mentioned works** under National Competitive Bidding procedures.

The Details of the project are tabulated below. Bidding is open to all eligible Nepalese Bidders.

| S. n | Identification no: | Work Description | Total amount without VAT and contingency(Rs.) | Bid security amount (Rs) | Bid Document Fee(NRs.) | Last Date of Bid Submission | Bid Validity/ Bid bond validity Period |
|---|---|---|---|---|---|---|---|
| 1 | IRM/NCB/ WS/03/ 078/079 | Damki Khanepani Yojana | 21,06,629.86 | 65,000.00 | 3,000.00 | 22nd April 2022 at 12:00 hrs | 90 days/120 days from last date of bid subbmission |

2. Eligible bidders may obtain further information from PPMO's website www.bolpatra.gov.np/egp.
3. The bid will be opened in the presence of Bidder's representative who choose to attend at 22nd April 2022 at 14:00 at the office of Indrasarowar Rural Municipality, Kulekhani, Makawanpur
4. Indrasarowar Rural Municipality, Kulekhani, Makawanpur reserves the right to accept or reject any bid and annual the process and reject all bids at any time prior to contract award.

**Chief Administrative Officer**

**भगवतीमाई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**वैतडा, दैलेख**
**कर्णाली प्रदेश, नेपाल**

**बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सूचना**

**सूचना प्रकाशित मिति २०७८/१२/२४**

यस कार्यालयबाट चालु आ.व. २०७८/०७९ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपसिलका निर्माण कार्य शिलवन्दी बोलपत्रको माध्यमबाट गर्नको लागि मिति २०७८/११/२२ गतेको प्रकाशित विद्युतीय शिलवन्दी बोलपत्र आह्वानको सूचना अनुसार तोकिएको म्यादभित्र रितपूर्वक पेश हुन आएका बोलपत्रहरु मूल्यांकन समितिबाट मूल्यांकन हुँदा तपसिलमा उल्लेखित बोलपत्रदाताले पेश गरेको बोलपत्र सबैभन्दा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही भएकोले मूल्यांकन समितिको सिफारिस अनुसार उक्त बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाताको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| बोलपत्र ठेक्का नं. | कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक (मु.अ.क. ) |
|---|---|---|---|
| BRM/HCCB/NCB/ 08/2078/079 | सामुदायिक स्वास्थ्य केन्द्र भवन निर्माण, वडा नं. ६ | जि.वाई. कन्स्ट्रक्सन, काठमाण्डौं । | रु.१०४००५४१.८१ |

**प्रमुख प्रशासकीय अधिकृत**

आर्थिक
www.madhyanhadaily.com
गो.हु.का.द.नं. ३३/०६९/०७०
२४ चैत २०७८, बिहीबार
7 April 2022, Thursday



दस किलो ४०० ग्रामको मुला

मेलम्ची - ९, ज्यामिरेका किसान अष्टमान तामाङको परिवारले फलाएको १० केजी ४०० ग्रामको मुला कृषि कार्यालय मेलम्चीमा प्रदर्शन गरिँदै । तस्बिर : देवराज सुवेदी/रासस

# एनएमबिको विस्तारित काउण्टर मधेस प्रदेशको हिमालय सुगर मिल्समा

**काठमाडौं/मस** – एनएमबि बैंकले किसान तथा सर्वसाधारण सेवाग्राहीहरुलाई सहज होस भन्ने उद्देश्यले नरहा-३, सिरहा स्थित हिमालय सुगर मिल्स परिसरमा ११ औं विस्तारीत काउण्टर शुभारम्भ गरेको छ । हिमालय सुगर मिल्सको तर्फबाट महा-प्रवन्धकद्वय अवध किशोर यादव र एस एन कुशवाहा, एनएमबि बैंक लि.का मधेश प्रदेश प्रमुख कमल पोखरेलका साथै एरिया म्यानेजरहरु मिथिलेस कुमार झा, कमलेश प्रसाद यादव, अपरेशन म्यानेजर राज कुमार विश्वकर्मा, गोलबजार शाखाका प्रबन्धक सरोज यादव, कर्मचारी संजीव झा




लगायत सर्वसाधारणहरुको उपस्थितिमा आयोजित एक कार्यक्रममाझ गत सोमबार हिमालय सुगर मिल्स परिसरमा विस्तारित काउण्टरको विधिवत उद्घाटन भएको हो ।

बैंकले उखु किसानहरुलाई सहज रुपमा कर्जा प्रवाह गर्ने उदेश्यले रिलायन्स सुगर मिल्स र हिमालय सुगर मिल्ससंग सम्झौता पनि गरिसकेको छ । शुभकामना मन्तव्यको क्रममा बैंकका प्रदेश प्रमुख पोखरेलले नीजी क्षेत्रको सहकार्य अन्तर्गतको यो प्रक्रियामा यस भेगकै प्रतिष्ठित चिनी मिलले बैंकलाई विश्वास गरी सेवा प्रदान गर्न अवसर दिएकोमा धन्यवाद व्यक्त गर्दै अब यस विस्तारित काउन्टरबाट नगद रहीत सेवा लिन हुन पनि सम्पूर्ण ग्राहकहरुलाई अनुरोध गरेका छन् । एनएमबि बैंकले यस लगायत हाल देशभरी ११ एक्सटेन्सन काउन्टरहरु, २०१ शाखाहरु र १३९ एटिएमहरु मार्फत उच्चस्तरीय सेवा प्रदान गर्दै आइरहेको छ ।

# रेमिट्यान्स पठाउनेलाई प्रोत्साहन प्याकेजको विषयमा छलफल

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, २३ चैत ।

विदेशी मुद्राको सञ्चितीमा ह्रास आउँदै गएपछि रेमिट्यान्सको आप्रवाहलाई कसरी बढाउने भन्नेबारे सरकारले चासो देखाएको छ । जसको लागि रेमिट्यान्स पठाउने नेपालीहरुलाई थप प्रोत्साहन गर्नेगरी विविध सुविधाको प्याकेज ल्याउने तयारी सरकारले गरेको छ । औपचारिक ढंगले विदेशी मुद्राको आम्दानी बढाउनको लागि सरकारले यस्तो उपाय अबलम्बन गर्न खोजेको बताइएको छ । गत आवको तुलनमा रेमिट्यान्स आप्रवाहको दर घट्दै गइरहेको छ । वैदेशिक सामग्री आयातको क्रम बढ्दो मात्रामा हुनुका साथै अन्तर्राष्ट्रिय बजारमा नै हरेक उपभोग्य वस्तुको मूल्य बढ्न जाँदा विदेशी मुद्राको निर्यातमा पनि वृद्धि हुन पुगेको छ । जसकारणले गर्दा मुलुकले वैदेशिक सामग्रीको आयात गर्ने क्षमता गुमाउँदै गएको छ । सोही कुरालाई मध्यनजर गर्दै सरकारले औपचारिक रुपमा बढी भन्दा बढी वैदेशिक मुद्रा भित्र्याउनको वैदेशिक रोजगारमा गएर रेमिट्यान्स पठाउनेहरुलाई विशेष सुविधासहितको प्याकेज ल्याउन लागेको हो । सरकारले सो प्याकेजको विषयलाई मन्त्रीपरिषदको बैठक र आगामी बजेटमार्फत सम्बोधन गर्न लागेको छ ।

सरकार आगामी आव ०७९/०८० को बजेट निर्माणको तयारीमा जुटिसकेको छ । अर्थमन्त्री जनार्दन शर्माले सम्बन्धित मन्त्रालयलाई आगामी आवमा सञ्चालन गर्ने काम तथा योजनाहरुको छनौट गर्न आग्रह गरिसकेका छन् । अर्थमन्त्रालयमा चैत २२ गते मंगलबार अपरान्ह समसामयिक विषयमा छलफल गरिएको थियो । छलफलमा अर्थमन्त्री जनार्दन शर्मा, श्रम मन्त्री कृष्णकुमार श्रेष्ठ,



प्रधानमन्त्री कार्यालयका राज्यमन्त्री उमेश श्रेष्ठ, राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. विश्वनाथ पौडेल, गभर्नर महाप्रसाद अधिकारी, मुख्य सचिव शंकरदास बैरागी, अर्थसचिव मधुकुमार मरासिनी, वाणिज्य सचिव डा. गणेश पाण्डे, डेपुटी गभर्नर बमबहादुर मिश्रलगायत अर्थमन्त्रालयको टोली उपस्थित रहेको थियो । सो छलफलमा रेमिट्यान्स पठाउनेहरुलाई कसरी प्रोत्साहन गर्ने भन्नेबारेमा चर्चा गरिएको थियो । औपचारिक माध्यमबाट रेमिट्यान्स पठाउनेलाई बैंकको ब्याजदर र पुनः श्रम स्वीकृति विषयमा सहुलियत दिने विषयमा छलफल चलेको स्रोतले बताएको छ ।

अहिले वैदेशिक रोजगारीमा गएकाहरुले पठाएको निक्षेपमा अरु बचतकर्ताले पाउनेभन्दा एक प्रतिशत बिन्दु बढी ब्याज बैंकहरुले प्रदान गरिरहेका छन् । तर बैंकहरुले प्रदान गरेको सो १ प्रतिशत ब्याजमा थप १ प्रतिशत ब्याज सरकारको तर्फबाट गर्नुपर्ने बैंक तथा वित्तीय संस्था परिसंघका अध्यक्ष पवन गोल्यानको धारणा छ । साथै अध्यक्ष गोल्यानले वैदेशिक रोजगारमा जानेहरुलाई आइपिओमा समेत १० प्रतिशत आरक्षण प्रदान गर्नुपर्ने तर्क अगाडि सार्दै आएका छन् । वैदेशिक रोजगारीमा गएकाहरुले कतिपय सामान ल्याउँदा भन्सार लाग्ने व्यवस्था गरिएको छ । तर, निरन्तर रूपमा तोकिएको सीमा (कमाइको निश्चित प्रतिशत मासिक रूपमा) भन्दा बढी पठाउनेलाई त्यस्ता सामानमा कर छुट दिन सकिने विषयमा मंगलबारको वैठकमा छलफल भएको जनाइएको छ । त्यस्तै मन्त्रालयमा भएको छलफलमा रेमिट्यान्स आप्रवाहकर्तालाई सटही सुविधामा समेत निश्चित रकम बढी दिन सकिने व्यवस्था गर्ने विषयमा छलफल भएको थियो । वैदेशिक रोजगारीबाट कमाएको पुँजीलाई उत्पादनमुलक क्षेत्रमा लगानी गरेमा उनिहरुलाई उद्यम तथा व्यवसायको दर्ता र कर लगायतका कुरामा विशेष छुट दिने विषयमा छलफलमा सुझाव आएको थियो । त्यस्तै रेमिट्यान्स पठाउने कम्पनीहरुले प्रदान गर्ने सेवाको प्रभावकारिताको बारेमा अध्ययन गरि लागतमा अनुदान दिनुपर्ने सुझाव केन्द्रीय बैंकले दिएको जनाइएको छ ।

# अर्थतन्त्रको संकटसम्बन्धी बहस

## बेलैमा होस पुर्याएनौं भने हाम्रो अवस्था पनि श्रीलंकाजस्तो हुनसक्छ : पूर्व मुख्यसचिव डा. कोइराला

पूर्व मुख्यसचिव डा. विमलप्रसाद कोइरालाले अहिले अर्थतन्त्रमा देखिएको समस्या समाधानको लागि सरकार गम्भीर नभए श्रीलंकाजस्तो अवस्था आउनसक्नेतर्फ सचेत गराएका छन् । आज (बुधबार) रिपोर्टर्स क्लब नेपालले आयोजना गरेको विशेष साक्षात्कारमा बोल्दै उनले यस्तो बताएका हुन् । उनले भने, 'अहिले विदेशी मुद्रामा चाप परेको छ । हुन त अहिले आँत्तिहाल्नुपर्ने अवस्था छैन् । सरकारले चनाखो भएर उपयुक्त कदम चाल्नुपर्छ । सुधार गर्नुको विकल्प छैन् । तर, हामीले होस पुर्याएनौं भने श्रीलंकाजस्तो अवस्था हुनसक्छ ।' आफ्नो धारणा राख्दै उनले बोल्दै उनले बजेट घाटा बढ्दै गयो भने त्यसलाई पूर्ति गर्नको लागि आन्तरिक र बाह्य ऋण लिनुपर्ने अवस्था आउनसक्ने बताए । अर्थतन्त्रमा खाली राजनीति राजनीति भनेर नहुने पनि उनको धारणा छ । उनले भने,'अर्थतन्त्रको सुधारको लागि उपयुक्त कदम चाल्नुपर्छ । रेमिट्यान्सबाट विदेशी मुद्राको सञ्चिती पाउँछौं । वैदेशिक सहायता पनि हो । अर्को, पर्यटनपनि हो । वैदेशिक सहायतामा पनि संकुचन छ । यतातर्फ सरकारले ध्यान दिनुपर्छ ।' सरकारले मुलुकमा कस्ता वस्तु आयात भैरहेका छन् भन्नेतर्फ ध्यान दिनुपर्ने बताए । उनले भने, 'हामीले यो कुरा हेर्नुपर्छ । अहिले अर्थतन्त्रलाई भार भयो। गलगाँड घाँटीमा आएको कुरा सरकारले देखेन । सरकारले सुधारात्मक उपाय अपनाउन सकेन, आर्थिक शासन व्यवस्था फेल भयो भने । जनताको जीवनस्तरमा सुधार ल्याउनुपर्छ । कमर्सियल लोन लिएका छौं । अर्थतन्त्रको उत्पादत्वकलाई ध्यान दिनुपर्छ ।'

अर्थतन्त्रको उत्पादकत्व बढाउनुपर्नेमा उनको जोड थियो । उनले भने, 'अहिले हामी महाधक्काको अवस्थाबाट गुज्रिरहेका छौं। अब खतराको घण्टी त







बजिसकेको छ । अर्थतन्त्रमा जटिल अवस्था छ । यसलाई राम्रै उपचारको विधि खोज्नुपर्छ । सुधारको बाटोमा जानुपर्छ । घण्टी बजिसकेपछि चेतिनुपर्यो । यो सुल्झाउन सकिने समस्या हो । सरकारले क्षणिक राजनीतिक तुष्टिको निम्ति अर्थतन्त्रको दीर्घकालिन स्वास्थ्यलाई खेलबाड गर्नुभएन ।' अर्थतन्त्रको उत्पादकत्व बढाउँदै यथार्थपरक बजेटमा जानुपर्नेमा उनको भनाई छ । उनले भने, 'राजश्वका स्रोत परिचालन गर्नुपर्छ । आफ्नै आम्दानीले आफ्नो खर्च गर्न सक्नुपर्छ, वित्तिय स्थिरतालाई ध्यान दिनुपर्छ । सरकारले खर्च गर्ने क्षमता व ृद्धि गर्नुपर्छ । विकास र गभर्नेन्सको पाटो पनि छ । यसो गर्न सकियो भने सरकारप्रति जनता विश्वस्त हुन्छन् ।'

## हाम्रो अर्थतन्त्र प्यानिक गर्ने अवस्थामा पुगेको छैन् : अध्यक्ष विष्णुकुमार अग्रवाल

नेपाल उद्योग परिसंघका अध्यक्ष विष्णुकुमार अग्रवालले अहिले अर्थतन्त्रमा देखिएको समस्या हल गर्न सकिने विश्वास दिलाए । सरकारले अर्थतन्त्र सुधारको लागि चालेको कदमपनि सकारात्मक रहेको उनको भनाई छ । उनले श्रीलंकाजस्तो नेपालमा पनि समस्या हुन्छ कि भन्ने चर्चा भैरहेको उल्लेख गर्दै त्यस्तो अवस्था नरहेको बताए । अग्रवालले भने, 'विगत केही समयदेखि अर्थतन्त्रको बारेमा धेरै कुरा पब्लिकमा आएको छ । अहिले दुई किसिमको समस्या झेल्नुपरेको छ । एउटा आर्थिक तरलता र अर्को ब्यालेन्स अफ पेमेन्ट बिग्रिएको छ । जुलाई महिनामा हाम्रो ११ महिनालाई आयात धान्न सक्ने ब्यालेन्स अफ पेमेन्ट थियो । अहिले अनौपचारिकरुपमा एल.सी. खोल्न बन्द गर्न भनिएको छ, हाम्रो अर्थतन्त्र प्यानिक गर्ने अवस्थामा पुगेको छैन् ।'

अहिले अर्थतन्त्र सुधारको लागि सरकारको तर्फबाट चालिएको स्टेप राम्रै रहेको उनको तर्क छ । उने भने, 'नेपालको अवस्था पनि श्रीलंकाजस्तै हुने हो किभन्ने भयको वातावरण सिर्जनाभएको छ । हाम्रो अवस्था त्यस्तो छैन् । हाम्रो राजश्व पनि ठीक तरिकाले अघि बढिरहेको छ । आयातलाई सर्टेन लेभलसम्म कन्ट्रोल गर्नु ठीक हो । तर, प्यानिकको वातावरण सिर्जना गर्नुहुँदैन् । यस्तो नगर्न सुझाव छ । रेमिट्यान्स फर्मल च्यानलबाट पठाउन भन्नुपर्छ ।'

## नेपालको अर्थतन्त्रको समस्या श्रीलंकाजस्तो संकट होईन, समाधान गर्न सकिन्छ : डा. मिनबहादुर श्रेष्ठ

राष्ट्रिय योजनाआयोगकापूर्व उपाध्यक्ष डा. मिनबहादुर श्रेष्ठले अर्थतन्त्रमा देखिएको समस्या समाधान गर्न सकिने भन्दै यसको लागि सबै निकायले समन्वयात्मक भूमिका खेल्नुपर्ने आवश्यकता औंल्याए । उनले अहिले अर्थतन्त्र संकुचनमा जानुको आन्तरिक र बाह्य दुवै कारण रहेको सुनाए । उनले भने, 'पहिलो समस्या समाधान गर्नुपर्ने भनेको शोधान्तरण घाटा घटाएर बचततर्फ लैजानुपर्छ । अनावश्यक वस्तुको आयात घटाउनुपर्छ । राष्ट्र बैंकले आवश्यक कदम चालेको छ, अब अर्थ मन्त्रालय र उद्योग मन्त्रालयले पनि कदम चाल्नुपर्छ । विभिन्न वस्तुको आयात घटाउनुपर्छ ।'

रेमिट्यान्सको अवैध कारोबार हटाउनुपर्ने र औपचारिक च्यालनबाट मात्रै रेमिट्यान्स ल्याउन प्रोत्साहन गर्नुपर्ने उनको भनाइ छ । उनले अहिले पेट्रोलियम पदार्थको उपयोग कम गर्नुपर्ने पनि धारणा राखे । उनले भने, 'ग्याँसको चुलोलाई विस्थापन गर्नुपर्छ । विद्युतीय चुलोमा लगानी बढाउनुपर्छ । हाम्रो बजारलाई लगानीमैत्री र प्रोडक्सन फ्रेण्डली बनाउनुपर्छ । समन्यवात्मक रुपले गम्भीर भएर लाग्ने र दीर्घकालिनरुपमा असर पर्नेगरि कदम चाल्नुपर्छ ।' उनले नेपालको आर्थिक अवस्था पनि श्रीलंकाजस्तो अवस्था हुनथाल्यो भन्ने कुरा पनि चर्चामा रहेको सुनाए । उनले भने, ' अहिले नेपालको अर्थतन्त्रमा समस्या देखिएको छ । हाम्रो अर्थतन्त्रको अहिलेको अवस्थाबाट सुधार गर्नुपर्छ । तरलताको अभाव नै पहिलो समस्या हो । व्यापार घाटा पनि देखियो । वैदेशिक सहायता कमि भयो । मूल्यवृद्धि भयो । यस्तो अवस्थामा हाम्रो अर्थतन्त्र कता जान्छ भनेर चिन्ता र चासो जन्मिनु स्वभाविक हो ।'

# ज्योतिको इलाम र कञ्चनबारीमा थपिए दुई शाखा



**काठमाडौं/मस** – ज्योति विकास बैंकले इलाम र कञ्चनबारीमा दुई वटा नयाँ शाखा उद्घाटन गरेको छ । बैंकिङ पहुँच थप विस्तार गर्दै जनतामाझ पुर्याउने उद्देश्यसाथ नयाँ शाखा सञ्चालनमा ल्याइएको बैंकले जनाएको छ । इलाम नगरपालिका-७, इलाम बजारस्थित इलाम शाखा र विराटनगर महानगरपालिका-३, मोरङस्थित कञ्चनबारी शाखाको उद्घाटन बैंकका अध्यक्ष हरिचन्द्र खड्काले गरेका हुन् ।

उद्घाटन समारोहमा बैंकका सञ्चालक समिति सदस्य, बैंकका विभिन्न पदाधिकारी र कर्मचारी ग्राहक वर्ग तथा स्थानीय व्यवसायी सहभागी थिए । यसका साथै बैंकले चैत २३ गतेबाट लमजुङ बेंसी सहरस्थित नयाँ शाखा पनि सञ्चालनमा ल्याएको जनाएको छ ।

ग्याँसको प्रयोग गर्दा ध्यान दिनुपर्ने कुराहरू

- ग्याँस तथा आगो बलुञ्जेल भान्सा छाडेर टाडा नजाऔं ।
- प्रयोग गरिसकेपछि ग्याँसको चुल्हो र रेगुलेटर बन्द गरौं ।
- यथासम्भव ग्याँस सिलिण्डरलाई भान्सा कोठाभन्दा बाहिर राखौं ।
- ग्याँस सिलिण्डरको पाइप समय-समयमा जाँच गरौं, कुनै खराबी भए, तुरून्त मर्मत गरौं ।
- ग्याँस सिलिण्डर लिँदा सिल भए/ नभएको हेरेर मात्र लिऔं ।
- तौल कम भएको, धेरै गन्हाउने (लिक भएको शंकास्पद) सिलिण्डर घरमा नल्याउँ ।
- सलाई, लाइटरजस्ता प्रज्वलनशील सामग्री केटाकेटीले भेट्ने गरी नराखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## नयाँ वर्ष २०७९ को 'सेञ्चुरी क्यालेण्डर' सार्वजनिक

**काठमाडौं/मस** – सेञ्चुरी कमर्सियल बैंक लिमिटेडले नयाँ वर्षको लागि क्यालेडर सार्वजनिक गरेको छ । बैंकले अध्यक्ष राजेशकुमार श्रेष्ठले एक कार्यक्रमकाबीच 'सेञ्चुरी क्यालेण्डर-२०७९' सार्वजनिक गरेका हुन । वित्तीय साक्षरता अभिवृद्धि एवं डिजिटल कारोबार प्रवर्द्धन गर्ने उद्देश्यले नयाँ वर्ष २०७९ को क्यालेण्डरमा निक्षेप, कर्जा, डिजिटल बैंकिङ्गका माध्यमहरु लगायत विभिन्न बैंकिङ्ग सेवाहरुलाई समावेश गरिएको छ ।

नयाँ बर्ष २०७९ सालको हार्दिक मंगलमय शुभकामना
वसन्त ऋतुको आगमन संगै नवीन उल्लास एवम् आशा लिएर आउने नव वर्षको उपलक्ष्यमा स्वदेश तथा विदेशमा रहनु हुने नेपालीजन तथा सम्पूर्ण पर्सा गाउँपालिकावासीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व, एकता एवम् समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
पर्सा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पर्सा, सर्लाही
मधेश प्रदेश, नेपाल
किसुनदेव राय
अध्यक्ष

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ०१-४२२६३६६, ०१-४२२८२९८, ई-मेल: **madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com** (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**